नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218




वर्ष १ | अंक ११६ | २०७९ साल फाल्गुन २१ गते आइतबार | Sunday 5, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# ध्वनि प्रदुषणले ग्रसित छ महानगर

## घोषणामा सीमित भयो ५ वर्ष अघिको हर्न निषेधित क्षेत्र

*अत्यधिक ध्वनि प्रदुषणले रिंगटा लाग्ने, चिडचिडाहट हुने, कान कराउने, कानमा समस्या हुने, श्रवण क्षमता गुम्दै जाने, एकाग्रता नहुने समस्या हुनसक्छन्, मुटुका रोगीहरुलाई प्रेसर हर्न घातक मानिन्छ*

हरिशंकर शर्मा
वीरगन्ज, १९ फागुन।

बिहान पाँच बज्दा नबज्दै सवारी साधनको 'ट्याँ ट्याँ टुँ टुँ' आवाज सुरु हुन्छ । घडीको सुई घुम्दै जाँदा यो आवाज झनै घना र बर्बर बन्दै जान्छ । राति ८/९ नबजेसम्म शहरवासीले शान्ति पाउँदैनन् । यो मुलुककै आर्थिक नगरीको रुपमा परिचित वीरगन्ज महानगरको वेदना हो ।



दैनिक हजारौं सवारी साधन गुड्ने वीरगन्जका सडकमा दिनभरि हर्नको कर्कस आवाजले कोलाहल मच्चाइ रहन्छ । सरकारी अध्ययनले वीरगन्जलाई ध्वनि प्रदुषण सर्वाधिक हुने शहरको रुपमा पहिचान गरेको छ। खाली सडक भएपनि २२० सिसिको पल्सर तथा एफ.जेड., बि.आर. लगायतका मोटरसाइकलहरुमा ट्रकको हर्न लगाएर चर्को स्वरमा हर्न बजाउँदै अहिलेका ठिटा युवाहरु तिब्र गतिमा गुड्ने गरेका छन् । जसले गर्दा पैदल हिँड्ने सर्वसाधारण मात्रै नभई सडक छेउछाउका बासिन्दा हर्नको कोलाहलबाट ग्रसित हुने गरेका छन् ।

अब त हर्नको कोलाहलमा बाँच्ने बानी नै परिसक्यो स्थानीय अरुण कुशवाहाले भने ।साँघुरा सडकमा मात्रै होइन, चार लेनका खुल्ला सडकमा पनि हर्न बजाउँदै हुईकिन्छन् सवारी चालकहरु । रिक्साको टिन टिनदेखि ठूला बसको प्वाप्वाँसम्मको कक्टेलले सधैं विरक्त बनाउँछ । स्थानीयहरुलाई त बानी नै परेको छ तर बाहिरबाट आउनेहरु आत्तिन्छन् । बिना कारण चर्को हर्न बजाउनेहरुलाई कारवाही गर्नुपर्ने हो तर ट्राफिक प्रहरीहरु पनि त्यस्तालाई कारवाही गर्न सकेका छैनन् ।

चर्को हर्न बजाउने संस्कृति भारतको विहारबाट भित्रिएको स्थानीयहरुको भनाई छ । भारतको रक्सौल बजारमा वीरगन्जमा भन्दा बढि हर्न बज्ने गरेको पाइन्छ । यसलाई रोक्न महानगरपालिका तथा ट्राफिक प्रहरीले गरेको प्रयास छ सफल हुन सकेको छैन ।

स्थानीयहरुको अनुसार नागरिकमा चेतना छैन, हर्न बजाउँदा ठूलै मान्छे भएको जस्तो ठान्छन् चालकहरु । ट्राफिक प्रहरीको ध्यान पार्किङमा चिट काटेर पैसा उठाउनेतिर छ, ध्वनी प्रदुषण नियन्त्रणतिर छैन। सवारी चालक मात्रै हैन, ठूला स्पीकरमा चलचित्रका प्रचार गर्ने, विभिन्न उत्पादनको प्रचार गर्ने, त्यसमा प र्नि न

- बाँकी पृष्ठ ६ मा

# उपराष्ट्रपतिमा लोसपा अध्यक्ष ठाकुरको नाममा लबिङ्ग

मधेशदृष्टि
जनकपुरधाम, २० फागुन। जनता समाजवादी पार्टी (जसपा) नेपालले आफूले उपराष्ट्रपति पाउने दाबी गर्दै आइरहेको बेला लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरलाई उम्मेदवार बनाउने चर्चा शुरु भएको छ।



जसपा अध्यक्ष उपेन्द्र यादवले उपराष्ट्रपतिमा बारा २ बाट निर्वाचित रामसहाय प्रसाद यादवलाई उम्मेदवार बनाएर आफू संसद छिर्ने प्रयास गरिरहेको बेला उपराष्ट्रपति उम्मेदवारमा अध्यक्ष ठाकुरको नाम चर्चामा आएको छ। श्रोतका अनुसार ८ दलीय गठबन्धन भित्र माओवादी केन्द्र र जसपा बाहेकका दलबीच ठाकुरको नाममा लबिङ्ग शुरु भइसकेको छ।

गएको १२ फागुनमा ८ दलीय गठबन्धनबीच राष्ट्रपति पद कांग्रेसलाई दिने सहमति भएको थियो । यससँगै जसपालाई उपराष्ट्रपति र प्रधानमन्त्रीमा एक वर्ष कार्यकाल नेकपा (एस) लाई दिने भनी कुरा बाहिरिएको थियो । तर जसपा बाहेक गठबन्धन आबद्ध दलहरुले राष्ट्रपति कांग्रेसलाई दिने बाहेक कुनैपनि सहमति नभएको जनाउँदै आएका छन्। ८ दलीय गठबन्धन दलबीच राष्ट्रपति वा उपराष्ट्रपति पद कसलाई दिने भनी कुनै लिखित सहमति नभई मौखिक मात्रै भएको हो भन्ने कुरा नेताहरुको भनाई छ। ८ दलीय गठबन्धनको सहमतिको एक दिनअघि जसपा अध्यक्ष उपेन्द्र यादवले उपराष्ट्रपति पद जसपालाई दिनेमा माओवादी केन्द्र सकारात्मक रहेको बताएका थिए । माओवादी केन्द्र र जसपाबीचको भेटवार्ता पश्चात संचारकर्मीहरुसँग कुरा गर्दै

- बाँकी पृष्ठ ६ मा

# राजदेवी मन्दिरमा चोरी गर्ने गिरोहका ५ जना पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, २० फागुन । धनुषाको क्षिरेश्वरनाथ नगरपालिका वडा नम्बर १ रमदैया स्थित राजदेवी मन्दिरमा चोरी गरेको आरोपमा पांच जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा क्षिरेश्वरनाथ नगरपालिका ५ का रजाक मोहमद, विदेह नगरपालिका ४ का मोहमद हबगुल्ला साह, नसरुदिन साह, सरिफ मुसलमान र कमला नगरपालिका ७ का रमेशकुमार महतो रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

शनिवार जिल्ला प्रहरी कार्यालय धनुषाले एक पत्रकार सम्मेलन आयोजना गरी पक्राउ परेका आरोपितहरु, बरामद भएका चोरीका सामानहरु, एकथान पेस्तोल र त्यसमा लाग्ने गोली, चोरीमा प्रयोग गरिएको हथौडा, ब्लेड, खुकुरी, घन, दबिया, पासपोर्ट एकथान तथा नगद ११ हजार पांच सय रुपैया सहितका सामाग्री सार्वजनिक गरेका छन् ।

पत्रकार सम्मेलनमा धनुषाका प्रहरी उपरिक्षक विश्वराज खड्काले हाम्रो प्रहरी टीमको निरन्तर सक्रियताले चोरहरुलाई पक्राउ गर्नुका साथै चोरी भएका माता राजदेवीको सुनका गहना बाहेक चाँदीका गरगहना र पुजा सामग्री बर्तनहरु बरामद गर्न सफल भएको बताए।

खोज तलास गर्ने क्रममा शुक्रबार राति सरिफ मुसलमानलाई नियन्त्रणमा लिएर सोधपुछ गर्दा अन्य आरोपितहरू योजनावद्ध तरिकाले भारततर्फ फरार हुन लागेको अवस्थामा जनकनन्दनी गाउँपालिका वडा नम्बर-३ महुवास्थित भारतीय सिमा नजिक रेल्वे ट्र्याकको बाटो हुँदै भारततर्फ जाँदै गरेको अवस्थामा मन्दिरबाट चोरी भएका सामानसहित उनीहरूलाई नियन्त्रणमा लिइएको एसपी खड्काले बताए।

उनले भने पक्राउ गर्न केही समय लाग्दा तिनीहरु भारत प्रवेश गरिसकेको हुन्थ्यो । ती चोरहरु नेपालमा चोरी गर्ने र भारतमा गएर सामान बेच्ने गरेको अनुसन्धानमा खुलेको छ।

ईलाका प्रहरी कार्यालय महेन्द्रनगर र जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटेको बिशेष अनुसन्धान टोलीले मन्दिरमा जडान भएको सिसिटिभि फुटेज तथा भिडिओहरूको सुक्ष्म विश्लेषण गरी चोरीमा संलग्न व्यक्तिहरूको पहिचान गरी नियन्त्रणमा लिइएको प्रहरी उपरीक्षक खड्काले जानकारी दिए।

उनले भने यी चोरहरु डाका प्रवृतिका हुन । सिसिटीभी फुटेजको आधारमा राजदेवी मन्दिरमा भएका चोरीको आरोपमा त पक्राउ गरियौं । तर यिनीहरु जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१२ कुवास्थित हनुमान मन्दिर समेतमा चोरी गरेको अनुसन्धानमा देखिएको छ र अझै तीन/चारवटा मन्दिरमा चोरी भएको घटनाको अनुसन्धानमा पनि सक्रिय रुपमा लागेको बताए । गएको फागुन १४ गते शनिवार मध्यराति मन्दिरको ताला तोडेर ती चोरहरुले माता राजदेवीको मुर्तिसहित २ किलो बराबरको चाँदीको पिढी, २५ तोलाको चाँदीको मुकुट, अन्दाजी १ किलोको चाँदीको झाप, अन्दाजी ५ सय ग्रामको चाँदीको थाली, १५ तोलाको चाँदीको लोटा, १२ तोलाको चाँदीको घण्टि, ६ आनाको सुनको मनटिका, १० आनाको सुनको नथिया, ४ आनाको सुनको सिक्रि, १ आनाको सुनको नाकको टप, ६ आनाको सुनको कानको बाली र करिब २/३ महिनादेखि दान पेटिकामा रहेको नगद चोरी भएको थियो।

हार्दिक शुभकामना

आपसी सद्भाव र रंगहरूको पर्व होली अर्थात फागु पूर्णिमाको अवसरमा सम्पूर्ण बीरगंज महानगरपालिका आदरणीय नगरवासी, दाजु भाई तथा दिदी बहिनीहरू, देश विदेशमा रहनु भएका समस्त नेपाली बन्धुहरूमा सु-स्वास्थ्य एवम् दिर्घायुको हार्दिक मंगलमय शुभकामना ।

राजेशमान सिंह
नगर प्रमुख
बीरगंज महानगरपालिका



# एकीकृत कर्मचारी संगठन पर्साको अध्यक्षमा संदिप पटेल

मधेशदृष्टि
वीरगंज, २० फागुन ।
एकीकृत सरकारी कर्मचारी संगठन नेपाल पर्साको प्रथम जिल्ला अधिवेशन शनिबार वीरगंजमा सम्पन्न भएको छ ।
जिल्ला समन्व समिति पर्साको सभाकक्षमा भएको अधिवेशनमा संदिप पटेलको अध्यक्षता २१ सदस्यीय जिल्ला कार्य समिति निर्विरोध निर्वाचित भएका छन् ।
संगठनको उपाध्यक्षमा सुरेन्द्र प्रसाद यादव, सचिवमा राजेश राम, सह सचिवमा रोहित यादव, कोषाध्यक्षमा पप्पु पटेल लगायत सम्पूर्ण कार्य समिति निर्विरोध निर्वाचित भएका हुन् । यसैगरी महाधिवेशनको केन्द्रिय प्रतिनिधिमा हृदयनारायण साह, मनोज साह, पदम बहादुर खत्री समेत निर्विरोध चुनिएका छन् ।
अधिवेशनको उद्धाटन पूर्व मन्त्री एवम् नेकपा एकीकृत समाजवादीका केन्द्रिय सचिव नागेन्द्र चौधरीले गरेका थिए ।



अधिवेशन उद्धाटन सत्रमा नेकपा एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य रामचन्द्र साह, चिरन्जिवी अचार्य, केन्द्रिय सदस्य एवम् पर्सा जिल्ला अध्यक्ष बालगोपाल थापा, वीरगंज महानगर अध्यक्ष मनोज चौधरी, एकीकृत कर्मचारी संगठनका केन्द्रिय उपाध्यक्ष एवम् मधेश प्रदेश इन्चार्ज जयकान्त झा, अधिकारी ट्रेड युनियन पर्साका निर्वतमान अध्यक्ष सुबदार यादव, नेपाल निजामती कर्मचारी संगठन पर्साका अध्यक्ष अमित कुमार गिरी, नेपाल निजामती कर्मचारी युनियन पर्साका उपाध्यक्ष धिरेन्द्र सिंह, राष्ट्रिय कर्मचारी संगठनका शुभाष गुप्ता, खुशबु मिश्रा लगायतको सहभागिता रहेको थियो ।
यसैगरी शनिबार नै एकीकृत कर्मचारी संगठन वीरगंज महानगरपालिकाको प्रथम अधिवेशन सम्पन्न भएको छ ।
जिल्ला समन्वय समिति पर्सा कै सभाकक्षमा भएको अधिवेशनमा ओमप्रकाश रामको अध्यक्षतामा महानगर समिति निर्विरोध निर्वाचित भएका छन् ।

# मध्यमा परिक्रमा भारतको करुणा पुग्यो, आज कल्याणेश्वर जाने

मधेशदृष्टि
जनकपुरधाम, २० फागुन । मिथिलाको बहुचर्चित सांस्कृतिक उत्सव 'मिथिला माध्यमिकी परिक्रमा'मा सहभागी श्रद्धालुहरू शनिवार भारतको करुणा पुगेका छन् । औरहीबाट पदयात्रा गर्दै परिक्रमाबासीहरू शनिवार बिहान करुणा पुगेका हुन् ।
धनुषाको ठेरा कचुरीस्थित मिथिलाबिहारी मठबाट गत सोमबारदेखि सुरु भएको मिथिला माध्यमिकी परिक्रमा पहिलो दिन हनुमानगरमा विश्राम गर्दै मंगलबार बिहान कल्याणेश्वरको लागि प्रस्थान गरेको थियो ।
मंगलबार यात्रीहरूले कल्याणेश्वर स्थान (कलना), बुधबार गिरिजास्थान, बिहीबार मटिहानी, शुक्रबार जलेश्वर, शनिबार मडै, आइतबार ध्रुवकुण्ड, सोमबार कञ्चनवन, मंगलबार पर्वता, बुधबार धनुषाधाम र बिहीबार सतोषरमा विश्राम गरेका थिए । परिक्रमामा सहभागीहरू शनिबार करुणबाट विशौल हुँदै आइतबार पुनः कल्याणेश्वर र त्यसपछि पूर्णिमाका दिन सोमबार जनकपुरधाम फर्कने छन् । हरेक



वर्ष हुने परिक्रमामा भक्तजनले १५ दिनमा नेपालको १०५ र भारतको २८ गरि कूल १३३ किलोमिटरको दूरीमा पैदल यात्रा गर्छन् ।पवित्र धार्मिक स्थलहरूको परिक्रमा गर्दा पाप नाश हुनुका साथै पुण्य मिल्ने जनविश्वास छ । परिक्रमा अवधिभर सहभागीहरूले झाँकी, भजनकीर्तन पनि गर्छन् ।
मिथिलाको महाकुम्भ भनेर चिनिने यस महामहोत्सवमा हजारौंको सहभागिता रहने गरेपनि यस धार्मिक यात्रालाई व्यावसायिक रूप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका सहायक महन्थ रामरोशन दासले बताए ।
परिक्रमामा सहभागीहरूका लागि प्रत्येक वर्ष बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले १५ वटै विश्रामस्थलमा बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाउने गरेको छ । परिक्रमा गर्नेहरू राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन् ।
नेपाल भारत दुवै मुलुकको धार्मिक, सांस्कृतिक एवं पारम्परिक सद्भावको प्रतीक बनेको यस परिक्रमा यात्रामा नेपालको १३ तथा भारतको २ गरी जम्मा १५ वटा विश्रामस्थलहरू छन् । मिथिला महात्म्यअनुसार १८औं शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रूपमा मनाइँदै आएको हो ।

# धनुषामा ६७२ प्रतिवादी पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, २० फागुन । चालु आर्थिक वर्ष २०७९/०८० को गत ८ महिनाको अवधिमा धनुषा प्रहरीले ६ सय ७२ जना फरार प्रतिवादी पक्राउ गरेको छ ।
जिल्ला प्रहरी कार्यालय धनुषाले शुक्रवार मात्रै एकै दिनमा विभिन्न मुद्दाका २७ जना फरार प्रतिवादी पक्राउ गरेसँगै साउन देखी १८ फागुन २० गतेसम्ममा ६ सय ७२ जना फरार प्रतिवादी गरेको हो ।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले दिएको जानकारी अनुसार यसका लागि एकजना प्रहरी निरीक्षकको नेतृत्वमा फरार प्रतिवादी खोजतलास टोली नै खटाइएको छ । उनका अनुसार बिभिन्न प्रहरी चौकीबाट पनि जनशक्ति परिचालन गरिएको छ । 'जिल्ला अदालतको फैसला कार्यान्वयन एकाइद्वारा प्राप्त लगतका आधारमा फरार प्रतिवादी पक्राउ गरिरहेको छौँ, उनले भने । उनका अनुसार धनुषामा दिनहुँजसो फरार प्रतिवादी पक्राउ परिरहेका छन् । यस अभियानअन्तर्गत चालू आर्थिक वर्षको साउन १ देखि फागुन १८ गतेसम्ममा ६४५ जना फरार प्रतिवादी पक्राउ परेका थिए । पक्राउ परेका प्रतिवादीमध्ये कैद सजाय तोकिएकालाई अदालतमा उपस्थित गराएर कारागार पठाइएको छ भने केही भने अनुसन्धानका शिलशिलामा पक्राउ गरी प्रहरी नियन्त्रणमा राखिएको छ ।
उनले भने जिल्लामा करीब ८ हजारको संख्यामा फरार प्रतिवादी रहेका छन् । त्यसको मध्यनजर गर्दै फरार प्रतिवादी पक्राउ अभियान नै सञ्चालन गर्दा यती धेरै संख्यामा फरार पक्राउ गर्न सफल भएका छौं । गत वर्ष मात्र १९२ जना फरार प्रतिवादी पक्राउ परेको थियो ।
प्रहरी नियन्त्रणमा राखिएकाले आवाश्यक कारबाही गरी छाडने र मुद्दा चलाउने कार्य गरिएको उनको भनाई छ । प्रहरी प्रधान कार्यालय र मधेश प्रदेश प्रहरी कार्यालयबाट पनि फरार प्रतिवादीलाई खोजतलास गरी कारबाही चलाउन निर्देशन पछि सोहीअनुसार कारबाही अभियान चलाईएको र सो अभियान अब पनि जारी रहने प्रहरी उपरीक्षक खडकाले जानकारी दिए ।

# कोशी प्रदेश नामको विरोधमा प्रदर्शन, जसपाको आपति



मधेशदृष्टि
विराटनगर, २० फागुन । प्रदेश नम्बर १ को नाम कोशी राखेको विराटनगरमा प्रदर्शन जारी रहेको छ ।
बुधबार प्रदेशसभाले कोशी नाम राखेपछि उक्त नाम खारेज गर्न माग गर्दै पहिचान पक्षधरले प्रदर्शन गर्दै आएका हुन् । लिम्बुवान किरात संघर्ष समितिमा आवद्ध दर्जन बढी संघसंस्थाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय घेराउ गरेका छन् । उनीहरुले पहिचानको आधारमा लिम्बुवान- किरात नामकरण गरिनुपर्ने माग गरिरहेका छन् । प्रदेशको नाम पहिचानका आधारमा नराखे देशभरि आन्दोलन चर्काउने उनीहरुले चेतावनी दिए । ९३ सदस्यीय प्रदेशसभामा कोशीको पक्षमत ८२ जनाले मतदान गरेका थिए । ४ जनाको विपक्षमा मतदान गर्दा ६ जना सांसद अनुपस्थित थिए ।
यसैबीच जनता समाजवादी पार्टी, नेपालको प्रदेश १ समिति र पहिचानमा आधारित राष्ट्रिय समितिले प्रदेश १ को नाम कोशी प्रदेश राखेकोप्रति आपत्ति जनाएका छन् । प्रदेश अध्यक्ष दीपक याक्खा र पहिचानमा आधारित राष्ट्रिय समितिले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी कोसी प्रदेश नामकरणको विरोध गरेका हुन् । 'कोशी प्रदेश हुनुपर्छ भनेर कहीँ कतै आन्दोलन भएन । कहीँ कतैबाट नमागेको नाम जवर्जस्ती थोपर्नु कत्तिको न्यायोचित हुन्छ ? प्रदेशको नाम ऐतिहासिक थाकथलो, भाषा, संस्कार संस्कृति र सभ्यताको पहिचानलाई सम्बोधन हुने गरी लिम्बुवान किरात शेर्पालुङ प्रदेश हुनुपर्छ भन्ने जसपा, नेपालले राख्दै आएको छ ।
ऐतिहासिक पहिचानको आधारमा प्रदेशको नामकरण नभएसम्म बलिदानपूर्ण सङ्घर्षका लागि होमिन बाध्य हुने छौँ, अध्यक्ष याक्खाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।
पार्टी सम्बद्ध पहिचानमा आधारित राष्ट्रिय समितिले विज्ञप्ति जारी गरी 'षड्यन्त्रपूर्वक कोसी प्रदेश नामकरण पछि त्यो क्षेत्रको राजनीतिक कोर्स परिवर्तन भएको र यस भूमिमा विद्रोहको दीर्घकालीन बीजारोपण गरेको उल्लेख गरिएको छ । सबै सरोकारवालाहरूसँग मिलेर आन्दोलनको कार्यक्रम घोषणा गर्ने तथा घोषित कार्यक्रमहरूप्रति समर्थन रहने विज्ञप्तिमा उल्लेख छ ।
साथै जसपा, नेपालको सांसदलाई मत दिन वञ्चित गरिएको भन्दै यस बारेमा सत्यतथ्य छानबिन गर्न सम्बन्धित निकायसँग विज्ञप्तिमार्फत माग गरिएको छ ।
विज्ञप्तिमा लिम्बुवान राष्ट्रिय समितिका अध्यक्ष खगेन्द्र माखिम, प्रवास विशेष प्रदेश समितिका इन्चार्ज आङ्काजी शेर्पा, किरात राष्ट्रिय समितिका अध्यक्ष रमेश राई, मधेस राष्ट्रिय समितिका अध्यक्ष जयराम यादव, शिल्पी विशेष राष्ट्रिय समितिका सह इन्चार्ज दलमर्दन कामी, शेर्पालुङ राष्ट्रिय समिति प्रदेश १ का संयोजक नुर्वु शेर्पाले हस्ताक्षर गरेका छन् ।

# मुख्यमन्त्री यादवको प्रेस सल्लाहकारमा अग्रहरी र स्वकीय सचिवमा महतो

मधेशदृष्टि, जनकपुरधाम, २० फागुन । मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आफ्ना प्रेस सल्लाहकार र स्वकीय सचिव नियुक्त गरेका छन् । प्रेस सल्लाहकारमा पत्रकार सीताराम अग्रहरी र स्वकीय सचिवमा चन्देश्वर महतोलाई नियुक्त गरिएको हो । शनिबार मुख्यमन्त्री यादवले अग्रहरी र महतोलाई नियुक्ति पत्र प्रदान गरेका छन् । कोशी प्रदेशको सुनसरी ईनर्वाका निवासी रहेका नवनियुक्त प्रेस सल्लाहकार अग्रहरी काठमाडौ बासिन्दा हुन् । उनी काठमाडौंमा लामो समयदेखि बस्दै आएको क्रममा गोरखापत्र दैनिकमा प्रधान सम्पादकको रूपमा काम गरिसकेका छन् । स्वकीय सचिव महतो धनुषाको मिथिला नगरपालिका निवासी हुन् । उनी तात्कालिन संघीय समाजवादी पार्टी धनुषाका जिल्ला अध्यक्षको रुपमा काम गरिसकेका छन् । जसपा अध्यक्ष उपेन्द्र यादवसँग नजिकको पात्र रहेका कारण महतो र अग्रहरीलाई मुख्यमन्त्री यादवले नियुक्त गरेका हुन् ।



# अग्निसाईर कृष्णासवरन गाउँपालिकाको काम काज सुचारु

विनय कर्ण
सप्तरी, २० फागुन । अग्निसाईर कृष्णासवरन गाउँपालिकाका अध्यक्ष दिनानाथ चौधरीले कर्मचारीको मनोवल गिराउने काम नगर्ने प्रतिवद्धता जनाएपछि गाउँपालिकाको कामकाज सुचारु भएको छ ।
गाउँपालिका अध्यक्ष चौधरी र कर्मचारीहरुको शुक्रवार बसेको संयुक्त बैठकमा कर्मचारीको मनोबलमा आँच आउने कुनै पनि काम नगर्ने प्रतिवद्धता जनाएपछि सबै काम काज सुचारु भएको हो ।
गत बिहीबार अध्यक्ष चौधरीले मादक पदार्थ सेवन गरी कार्यालय भित्र प्रवेश गरेर सार्वजनिक मर्यादा विपरित कर्मचारीहरुलाई गाली गलौज गर्दै अनुचित कार्य गरेको भन्दै उनको विरोधमा कर्मचारीहरुले अत्यावश्यक सेवा बाहेक सबै कामकाज बन्द गरेका थिए। जनप्रतिनिधी र कर्मचारीको बैठकमा अध्यक्ष चौधरीले माफी माग्दै आफू बाट गल्ति हुन गएको र आईन्दा यस्तो नहुने प्रतिवद्धता आएपछि गाउँपालिकाको सबै कर्मचारी काममा फर्किएको प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद पराजुली जानकारी दिए । "गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीको उपस्थितिमा कर्मचारीहरुको बैठक भयो, अध्यक्षजीले कामको प्रेसरमा आवेगमा आएर त्यस्ता शब्द निस्किहालेछ भने क्षमा याचना गर्दछु, अब देखि यस्तो हुने छैन् भनेर अध्यक्षजीले प्रतिवद्धता जनाउनु भयो" प्रमुख प्रशासकीय अधिकृत पराजुलीले भने । यसअघि गाउँपालिका मातहतका सम्पूर्ण कार्यालयहरुबाट प्रवाह हुने कार्यहरु र स्वास्थ्यसेवाबाट प्रवाह हुने आकस्मिक सेवा बाहेक अर्को सूचना नहुन्जेल सम्मका लागि स्थगन गरिएको सूचना जारी गरिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुर्जेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुर्जेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रोकिएका काम पुनः सुरु हुन सक्छन् । जोशजाँगर र उमङ्ग बढ्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ । आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्यको अवसर मिल्नेछ । जोशजाँगर पनि बढ्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
मन भावुक र उत्ताउलो बन्नेछ । अनावश्यक ठाउँमा धन खर्च हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सरकारी निकायको भय पनि रहला ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
कुनै कुराले मन निक्कै प्रसन्न हुन सक्छ । गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । आफूले अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज निर्णय कार्यान्वयन हुन सक्दैनन् । आत्मबलमा कमी आउनेछ । मनमा दुबिधा उत्पन्न हुनेछ, तर शुभ र नयाँ कार्यको योजना बन्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ, तर स्वास्थ्यप्रति सजग रहनुहोला ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । पढाइमा प्रगति नै हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय छ । धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज प्रेमीको सहयोग पाइनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । परिवारको साथ सहयोग मिल्नुका साथै यात्राका योग पनि देखिन्छन् ।

# --- संक्षेप समाचार ---

## लागु औषध सहित तीन पक्राउ

मधेशदृष्टि
वीरगंज, २० फागुन।
बारामा प्रहरीले लागु औषध सहित ३ जनालाई पक्राउ गरेको छ। प्रहरीले अटो रिक्सामा लागु औषध गाजा ओसार्ने ३ जनालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेहरुमा बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नंबर २२ चकरीका २५ वर्षिय नरेश बम , ४३ वर्षिय हिरामान थिङ र ३५ वर्षिय सुरेश स्याङतान रहेका छन् । उनिहरुको साथबाट लागु औषध गाजा १२ केजी बरामद गरिएको बाराका प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए।

अमलेखगंजबाट पथलैयातर्फ आउँदै गरेको ना २ ह ४९५० नम्बरको अटो रिक्सा प्रहरीले चेकजाँच गर्ने क्रममा अटो भित्र लुकाई छिपाई राखिएको अवस्थामा गाजा बरामद भएको उनले बताए।

लागू औषध गाजा सहित पक्राउ परेका तीनै जनालाई प्रहरी हिरासतमा राखेर लागु औषध मुद्दामा थप अनुसन्धान भइरहेको बोगटीले जानकारी दिए।

## होलीको उपलक्ष्यमा रक्तदान

मधेशदृष्टि
वीरगंज, २० फागुन।
अभिभावक संघ वीरगन्जले होली पर्बको उपलक्ष्यमा आज वीरगन्जमा रक्तदान कार्यक्रम आयोजना गरेको छ । घण्टाघर चोकमा आयोजित रक्तदान कार्यक्रममा ७५ जनाले रगतदान गरेका छन्।

रगतदान गर्नेहरुमा संघका अध्यक्ष सन्दीप साह, अमित गुप्ता ,उतम लिम्बू नरेन्द्र तिवारी ,मनिष मिश्र, कौशलकिशोर सर्राफ, फुलसरिफ हवारी, सन्दिप चौरसिया, सन्तोष साह रबिन्द्र गुप्ता, श्याम गुप्ता,कन्हैयालाल पटेल, चन्द्रिका साह, नन्द लाल रौनियार लगायतका रहेको रक्त सन्चार केन्द्र वीरगन्जले जनाएको छ।

संघका अध्यक्ष साहको अध्यक्षता तथा कार्यक्रमका संयोजक मनिष मिश्रको संयोजनमा भएको रक्तदान कार्यक्रममा संघका पदाधिकारी, सदस्य लगायतको उपस्थिती रहेको थियो।

## वाइसिएलको वडा इकाई कमिटि गठन

मधेशदृष्टि
वीरगंज, २० फागुन।
वीरगंज माहनगरपालिका वडा न २२ जगरनाथपुर टोलमा शनिवार वाइसियलको वडा इकाइ कमिटि गठन भएको छ। प्रदिप चौर सियाको अध्यक्षतामा गठित १५ सदस्सीय वडा इकाइ कमिटिको उपाध्यक्ष्मा राम प्रसाद शाह सचीवमा राजेश पटेल,कोषाध्यक्ष्यमा जगदिश ठाकुर सदस्यहरुमा समसुल मिया,सरोज चौर सिया,सीता देवी,बबिता देवी लगायत रहेको वाइसियल पर्सा जिल्ला संयोजक दिपेन्द्र सिंह पटेलले जानकारि दिए।

## हिन्दुराष्ट्रको माग गर्दै काठमाडौमा प्रदर्शन

मधेशदृष्टि
काठमाडौं, २० फागुन । संघीयता खारेजी र हिन्दू राष्ट्र कायमको माग राख्दै काठमाडौंमा प्रदर्शन गरेको छ।

दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले बैंक र लघुवित्तले ऋणीलाई दिएको मानसिक पीडा र धम्कीको समेत विरोध गर्दै आएको छ । अभियानले व्यवसायी प्रेमप्रसाद आचार्यले आत्मदाह गरेको काठमाडौंको नयाँबानेश्वरमा प्रदर्शन र सभा गर्न माइतीघरबाट जुलुस निकालेको छ। प्रदर्शनमा सहभागीहरूले नेपाललाई हिन्दूराष्ट्र कायम गरिनुपर्ने, संघीयता खारेज गर्नुपर्ने भन्दै राजतन्त्रको पक्षमा नाराबाजी पनि गरेका छन्। यो अभियानमा राप्रपा नेपालले पनि ऐक्यबद्धता जनाएको छ। पूर्वराजा ज्ञानेन्द्र शाह र राजपरिवारका सदस्यको उपस्थितिमा फागुन १ गते मेचीपुल झापाबाट सुरु भएको प्रसाईंको यो अभियानले देशका विभिन्न शहरमा प्रदर्शन गरिसकेको छ।

महाअभियानले बैंकको ब्याजदर घटाउनुपर्ने, २० लाखम्म ऋण मिनाहा गर्नुपर्ने लगायतका माग पनि राखेको छ। पाँच प्रतिशत ब्याजमा ऋण पाउनुपर्ने मागसमेत अभियानकर्मीको रहेको छ । प्रसाईंको अभियानमा उच्छृङ्खल गतिविधि नहोस् भनेर बिहानैदेखि चोक-चोकमा सुरक्षकर्मी तैनाथ छन्। बानेश्वर एरियामा भने सशस्त्र प्रहरी र जनपथको बाक्लो उपस्थिति छ। अभियानमा स्वतन्त्र बुद्धिजीवि समूहले समेत समर्थन गरेको छ।

प्रसाईंले उठाएका एजेन्डा नागरिक र राष्ट्रको हितमा रहेकाले उक्त आन्दोलनमा आफूहरूको समर्थन रहेको स्वतन्त्र बुद्धिजीवि समूहले जनाएको छ । वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी, भ्रष्टाचारविरोधी अभियन्ता भरत जंगम, डा. प्रेमसिंह बस्न्यात, वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपाने लगायतको पनि प्रसाईंलाई समर्थन छ।

## माधव नेपालका भाईको निधन

मधेशदृष्टि , काठमाडौ, २० फागुन।
६ तल्ले घरको छतबाट लडेर गम्भीर घाइते भएका नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालका भाइ सरोजकुमार नेपालको उपचारका क्रममा निधन भएको छ।

उनी शंखमुलस्थित एक घरको छतबाट लडेर गम्भीर घाइते भएका थिए। एकीकृत समाजवादी पार्टीका केन्द्रीय सदस्य समेत सरोज शनिबार दिउँसो दुर्घटनामा परेका हुन्। लडेर गम्भीर घाइते भएका नेपाललाई माइतीघर स्थित अन्नपूर्ण न्युरो अस्पतालमा उपचारका लागि लगिए पनि बचाउन नसकिएको नेकपा एकीकृत समाजवादीका उपमहासचिव डा. विजय पौडेलले जानकारी दिए।

नेपाल नेकपा एकीकृत समाजवादीको इन्जिनियर विभागका प्रमुख समेत हुन्। शनिबार दिउँसो एक रेष्टुरेष्ट रहेको घरको छतबाट नेपाल खसेको अवस्थामा भेटिएका थिए।

## स्ववियू निर्वाचनका लागि राराबमा १५ समूह दर्ता

मधेशदृष्टि
जनकपुरधाम, २० फागुन । स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनका लागि रामसागर रामस्वरुप बहुमुखी क्यामप्स (राराब) मा १५ वटा संगठन तथा समूह दर्ता भएको छ।

शुक्रबारसम्म १२ वटा संगठन र तीन वटा स्वतन्त्र समूह सहित १५ वटा संगठन तथा समूहले आगामी चैत ५ गते हुने स्ववियु निर्वाचनको लागि दर्ता गराएका छन् । सबै संगठन तथा समूहले सभापतिको नामसहित दर्ता गराएको निर्वाचन अधिकृत रेमन्त मोरवैताले जानकारी दिएका छन्।

नेकपा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन पहिलो नम्बरमा दर्ता भएको छ भने सो संगठनले क्याम्पस ईकाई प्रमुखमा अजय सिंह कुशवाहालाई जिम्मेवारी दिएको छ।

नेपाली काँग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघले मनिष कुमार यादव, जनमत पार्टीका विद्यार्थी जनमत संघले अजय कुमार दास, जनता समाजवादी पार्टी (जसपा) निकट समाजवादी विद्यार्थी युनियनले गौतम यादव चोरवार र राष्ट्रिय प्रजातन्त्र विद्यार्थी संगठनले दयानन्द झालाई संगठन प्रमुखको रुपमा राखेर संगठन दर्ता गराएका छन्।

त्यस्तै, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) निकट लोकतान्त्रिक विद्यार्थी संगठनले अजयकुमार पण्डितलाई ईकाईको नेतृत्व दिएको छ। राष्ट्रिय विद्यार्थी परिषद्ले रवि कुमार साह, नेपाल समाजवादी विद्यार्थी युनियनले सुरेन्द्र कुमार यादव, अखिल क्रान्तिकारीले वृकेश अधिकारी र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनले शंकर प्रसाद साहलाई जिम्मेवारी दिएको छ।

यस्तै, तीन वटा स्वतन्त्र समूहले पनि दर्ता गराएका छन्।

स्वतन्त्र विद्यार्थी समूह भनेर अभिषेक कुमार सिंह, इजाज मोमिम समूह र आशुतोष झा समूहले स्वतन्त्रबाट दर्ता गराएका छन् । समूह तथा संगठन दर्ता भएसंगै विद्यार्थी नेताहरु धमाधम प्रचारप्रसारमा जुटेका छन् । उनीहरु विभिन्न माध्यमले मत पनि मागिरहेका छन् । लामो समयपछि विद्यार्थी युनियनको निर्वाचन भएपछि विद्यार्थीहरुमा उत्साह देखिएको छ।

# युवा नेता सर्राफ जनमतमा प्रवेश



मधेशदृष्टि
वीरगंज, २० फागुन।
वीरगन्जका सामाजिक अभियन्ता एंव युवा नेता ओमप्रकाश सर्राफ सिके राउत नेतृत्वको जनमत पार्टीमा प्रवेश गरेका छन्।

शनिवार काठमाण्डौस्थित जनमत पार्टीको कार्यालयमै आयोजित कार्यक्रममा जनमत पार्टीका अध्यक्ष डाक्टर राउतको हातबाट सदस्यता लिएर सर्राफ जनमत पार्टीमा प्रवेश गरेका हुन् । वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ नगवा निवासी सर्राफ गत मंसिर ४ मा सम्पन्न निर्वाचनमा पर्सा क्षेत्र नम्बर १ (ख) मा हाम्रो नेपाली पार्टीको लौरो चुनाव चिन्ह लिएर प्रदेशसभभा सदस्यको प्रत्याशी बनेका थिए।

त्यसअघि २०७४ को निर्वाचनमा पनि उनि स्वतन्त्रबाट प्रदेश सभा सदस्यमा उम्मेदवारी दिएका थिए । मधेस आन्दोलनबाट राजननीतिक यात्रा थालेका सर्राफ विगतमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को वीरगन्ज महानगर अध्यक्षसमेत बनेका थिए। शनिवारको पार्टी प्रवेश कार्यक्रममा जनमत पार्टीका उपाध्यक्ष दिपक साह, पार्टीका नेता बिपि साह लगायतको पनि सहभागिता थियो।

# एमालेको ग्रासरुट अभियान फत्तेपुरमा

मधेशदृष्टि
वीरगंज, २० फागुन।
नेकपा एमालेको मिसन ग्रसरुट अभियान अन्तर्गत जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १२ मा भेला शनिवार फत्तेपुरमा सम्पन्न भएको छ।

भेलाले ग्रासरुट अभियानलाई टोल टोलमा पुर्याउने निर्णय गरेको छ । प्रदेश कमिटी सदस्य मनोज पौडेलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा पौडेलले प्रचण्ड बिदेशीको चलखेल र दबाबमा परेर एमालेलाई धोका दिएको बताए । उनले हिजो देउवाले प्रचण्डलाई मिलक्याउदा एमालेले उद्धार गरेर प्रधानमन्त्री बनाएको स्मरण गर्दै धोकेबाजि गर्ने प्रचण्डको अब दिन गन्ती सुरु भएको दाबी गरे ।

माओबादिले हिजो सन्चालन गरेको जनयुद्ध प्रचण्डलाई प्रधानमन्त्री बनाउनका लागि मात्रै भएको पुष्टि भएको बताए। कार्यक्रममा वडा अध्यक्ष मनोज कुमार रायको सभापतित्वमा र होमनाथ पण्डितले स्वागत गर्नुभएको कार्यक्रममा प्रदेश कमिटी सदस्य राज महम्मद राय,जिल्ला कमिटि सदस्यहरु रुस्तम अन्सारी,निर्वाचित वडा अध्यक्ष श्यामबाबु खा लगायतको उपस्थिति रहेको थियो।

त्यसैगरी वडा नम्बर २ मा केन्द्रिय प्रतिनिधि अरबिन्द सिहको प्रमुख आतिथ्य तामा बैठक सम्पन्न भएको छ। बैठकमा प्रदेश कमिटी सदस्य देबनारायाण चौधरी,सुन्दर बिक लगायतको उपस्थिति रहेको थियो । त्यसैगरी वडा १४ मा पनिबैठक सम्पन्न भएको छ । मिसन ग्रासरुट अभियान अन्तर्गत जितपुरसिमरा अन्तर्गत वडा नम्बर १,,८,९,१०,११,१८,१९,२०,२१,२२ मा आज बैठक सम्पन्न भएको छ। त्यसैगरी परसौनी २ ,५ परवानिपुर ५ मा बैठक सम्पन्न भएको छ।

# होली लक्षित गरी धनुषामा ५६० प्रहरी परिचालन




मधेशदृष्टि
जनकपुरधाम, २० फागुन । धनुषा जिल्लामा होलीलाई लक्षित गरेर ५ सय ६० जना प्रहरी परिचालन गरिने भएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट ४८७ र प्रदेश प्रहरी कार्यालयबाट ७३ जना गरी कूल ५६० जना प्रहरी परिचालन गरिने धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिएका छन् । उनले भने विशेष सुरक्षा योजना बनाएर सो संख्यामा प्रहरी परिचालन गरिनेछ।

उनले होली पर्वलाई व्यवस्थित, मर्यादित र कुनै अप्रिय घटना हुन नदिन उक्त संख्यामा प्रहरी परिचालन गर्न लागिएको बताए। होलीमा जिल्लाको शान्ति सुरक्षामा कुनै कमी आउन नदिन प्रहरी कर्मचारीलाई उच्च सतर्कतामा राखिएको उनले जानकारी दिए । उच्चश्रृंखल गतिविधि गर्ने, इच्छाविपरीत लोला हान्ने, रङ दल्नेमाथि निगरानी तथा नियन्त्रण गर्न सादा पोशाकका प्रहरी सहित मोबाइल भ्यान, कन्ट्रोल रूम भेकल, क्विक रेस्पोन्ट टिम लगायतको टिम पनि परिचालन गरिने प्रहरी उपरिक्षक खड्काले भने। उनले पारिवारिक हिसावमा होली पर्व मनाउन सबैमा अनुरोध समेत गरेका छन्।

होलीको नाममा होहल्ला गर्ने, जबर्जस्ती रङ दल्ने, लोला हान्ने जस्ता क्रियाकलाप गरिए नियन्त्रणमा लिएर कारवाही गरिने बताउँदै त्यसरी जबरजस्ती रङ दल्नेलाई अभद्र व्यवहारमा मुद्दा चलाइने उनले भने । ट्राफिक प्रहरीले मापसे चेक गर्ने, ट्राफिक नियमविपरीत सवारी चलाएको हेलमेट नलगाई सवारी चलाएको जस्ता क्रियाकलाप नियन्त्रण गर्ने समेत बताए।

यसैबीच मिथिला माध्यमिकी परिक्रमालाई मध्यनजर गर्दै धनुषा सुरक्षा समितिले जनकपुरधाम नगर क्षेत्रमा एक किलोमीटर दूरीसम्म मद्यमांस बिक्रीमा रोक लगाइएको र होलीका दिन मासु, मदिरा बिक्री वितरणमा पूर्णरुपले निषेध गरेको छ। जनकपुरधाममा बुधबार होली मनाइने छ । जनकपुरधाममा १५ दिनसम्म चल्ने मिथिला माध्यमिकी परिक्रमा सकिएको भोलिपल्टमात्र होली मनाउने परम्परा छ। त्यही परम्पराअनुसार एक दिन ढिलो गरी यहाँ होली मनाइने भएको छ।

परिक्रमाको अन्तिम दिन जनकपुरधाममा अन्तरगृह परिक्रमा गरेपछि होली सुरु हुने परम्परा छ। सोमबार मध्यरातबाट अन्तरगृह परिक्रमा सुरु भई मंगलबार समाप्त हुन्छ। त्यसैले परिक्रमा सकिएको भोलिपल्ट अर्थात बुधबार मात्र जनकपुरधाममा होली मनाइने भएको हो।

# दुर्घटनामा तीनजनाको मृत्यु




मधेशदृष्टि
वीरगंज, २० फागुन।
बारा र पर्सामा भएका छुट्टा छुट्टै मोटरसाइकल दुर्घटनामा एक भारतीय सहित तीन जनाको मृत्यु भएको छ। बाराको कलैया उपमहानगरपालिका-१४ हनुमान मन्दिरस्थित सडकमा ना २ प ९७०५ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री कलैया-९ रामपुरका ३५ वर्षीय रहिम अन्सारीको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका अन्सारीको वीरगन्जस्थित वीरगन्ज हेल्थकेयर हस्पिटलमा उपचारका क्रममा शनिबार दिउँसो मृत्यु भएको बाराका प्रहरी उपरिक्षक होविन्द्र बोगटीले जानकारी दिनुभयो । ठक्कर दिने मोटरसाइकल चालक कलैया १४ का २५ वर्षीय सागर चौधरीलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको बोगटीले बताएका छन् ।यस्तै बाराकै सुवर्ण गाउँपालिका-६ धरमपुरमा फागुन १५ गते भएको मोटरसाइकल दुर्घटनामा घाइते भएका भारतीय नागरिकको पनि उपचारका क्रममा शनिबार दिउँसो मृत्यु भएको छ । मृत्यु हुनेमा भारत बिहारको छौडादानो घर भएका २७ वर्षीय भैयाराम साह रहेका छन्। फागुन १५ गते राति भारतबाट बाराको जोलगावातर्फ आउँदै गरेको बीआर ०५ एजी १२८७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुदा मोटरसाइकल चालक भैयाराम र त्यसमा सवार छौडादानाकै ३४ वर्षीय सन्देश साह घाइते भएका थिए । दुवैको प्रसौनी स्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेकोमा शनिबार भैयरामको मृत्यु भएको प्रहरी उपरीक्षक बोगटीले जानकारी दिए।

पर्साको वीरगन्जमा पनि शुक्रबार राति भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा अर्का एक जना घाइते भएका छन् । मृत्यु हुनेमा पर्साको जगरनाथपुर गाउँपालिका-५ मसिहानी घर भएका ४५ वर्षीय चोकट मुखिया बिन रहेका छन्। घाइते पोखरिया नगरपालिका-३ फुलवरिया घर भएका ३९ वर्षीय विश्वजित राउत गिरिको नारायणी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

वीरगन्जबाट पोखरिया जाँदै गरेको ना ४२ १७५९ नम्बरको मोटरसाइकल वीरगन्ज-९ स्थित सडकमा आफैं अनियन्त्रित भइ दुर्घटना हुँदा त्यसमा सवार बिन र गिरि घाइते भएका थिए। घाइते दुवै जनालाई शुरुमा उपचारका लागि पोखरिया अस्पतालमा लगिएकोमा त्यही उपचारका क्रममा बिनको शुक्रबार राति नै मृत्यु भएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए।

# वन्यजुन्तको लागि निर्माण गरिएको पोखरी सुक्यो

सरोज खडका
वीरगंज,२० फागुन । पर्सा जिल्लामा वन्यजन्तुको लागि डिभिजन वन कार्यलयले निर्माण गरेको पानी पोखरी हिउद माहिना सुरु भए संगै सूकेको छ । डिविजन वन कार्यलय पर्साले आर्थिक बर्ष २०७७/०७८ को बजेट वाट पर्सागढी नगर पालिकामा राष्ट्रिय वन नजिक मानव वस्तीमा वन्यजन्तूको लागी पानी पोखरी निर्माण गरेको थियो। मानवमा पांच विगाहामा क्षेत्रफलमा ३० लाखको लगतमा पानी पोखरी निमार्ण गरेको थियो। सर्वैयामा ५ । ५ लाखको लागतमा दुईवटा पोखरी वनकै कर्मचारीको अमानतमा निमार्ण गरीएको थियो । पोखरी निमार्ण गर्ने जिम्मा अमानतमा अधिकृत रेयाज अहमद अंसारीलाई दिईएको थियो । वर्षाको पानी जमा गरेर तलाव बनाउने र जंगली जनावरको लागि पिउने पानीको उपलव्धता गराउने उदेश्य बताईएको भए पनि पोखरीमा वर्षाको पनि जम्मा भए पनि गूणस्तरहित पोखरी निमार्ण भएको कारण हिउद लागे संग पखरीको पानी चूहिएर सूख्खा भएको छ।

सूख्खा पोखरीको नजिकवाट पैनि बग्ने गरेको छ तर पोखरी भने सूख्खा छ। डिविजन वन कार्यलय पर्साले आफनै कर्मचारीलाई अमानतमा पोखरी निर्माण जिम्मा दिएको कारण गूणस्तरहित काम भएकोले पोखरीमा पानि जम्न नसेको स्थानियको भनाई छ।

भन्नको लागी जंगली जनावरको पिउनको लागी पोखरी निर्माण गरिएको डिभिजन वन कार्यलय पर्साले बताए पनि मानव बस्तीमा पोखरी निर्माण गरिएको कारण जनावरको उपयोगी नहूने स्थानियको भनाई छ।

डिभिजन वन कार्यलय पर्साका तत्कालीन निमित प्रमूख फरमान मियाले हिउदमा खोला नाला सूख्ने भएकोले जंगली जनावरको लागि पिउनको लागी वर्षाको पानी जम्मा गर्ने र जनावरको लागी उपलव्ध हूने गरी पोखरी निर्माण गरिएको वताउनू भएको छ।

डिभिजन वन कार्यलय पर्साका तच्कालिन निमित प्रमूख मियाले पोखरी पानी सूखेको विषयमा वोल्न चाहनू भएन उदेश्य राम्रो भए पनि गूणस्तरहिन काम भएको कारण पोखरीमा पानी जमेन वर्षाको पानी जमेको भए पनि हिउद लाग्न साथ पोखरी पानी सूखेर गयो। पोखरी निर्माण गर्नू वतावरणको लागी राम्रो पक्ष हो । जमिनमा चिसोको लेबल माथी आउछ भने पानी जंगली जनावर घरपालूवा जनावर सहित विभिद कार्यको लागी प्रयोग हूने भएकोले राम्रो पक्ष हो तर पोखरी निर्माणमा भ्रष्टचार भएको कारण गूणस्तरहिन काम भएको र पोखरीमा पानी अडेन चूहिएर गयो। किन भने माटोमा बालूवा मिसिएको छ जस्ले गर्दा पानी पोखरीमा जम्दैन।

पोखरीमा पानी अडने उपायहरु समेत अबलम्बन नगरेको कारण पर्सागढि नगरपालिकामा जनावरको लागि भनेर लाखौं रकम खर्च गरेर निर्माण भएको पोखरी उपयोग विहिन भएको छ । पोखरीमा पानी नभए पोखरीको के काम ? राज्यको लाखौ रुपैया पोखरीको पानी मै सुखेर गएको छ।

सम्पादकीय

# भाषणका लागि भाषण नगरौं

मुलुक अहिले राष्ट्रपति चुनावमा केन्द्रीत बनेको छ । यही चुनावलाई लिएर दोश्रो आम निर्वाचनपछि बनेको एमाले समर्थित सरकारमा विभाजन भएको छ । दुई महिनाबीचमा दुई खाले सत्तासमिकरण बनेका छन् । पछिल्लो समिकरण अनुसार नेपाली कांग्रेसले माओवादीलाई सत्ताको साँचो सुम्पिएको छ र आफू भने सत्तामा सवार भैसकेको छैन । राष्टपति निर्वाचन यही फागुन २५ गते हुँदैछ । अर्थात, आजको चार दिन पछि । त्यस्तै उपराष्ट्रपतिको निर्वाचन चैत ३ गते हुँदैछ । आठदलीय गठबन्धनको निर्णय अनुसार राष्ट्रपतिको उम्मेदवार कांग्रेसका पौडेल हुन् । उपराष्ट्रपति पद जसपालाई दिने भनिए 'सहमति' बन्न र उम्मेदवार तय हुन बाँकी छ ।

चुनावी मैदानमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र एमाले उपाध्यक्ष सुभाषचन्द्र नेम्वाङ छन् । पौडेल पहिला प्रजातान्त्रिक कालमा सभामुखको भूमिका निर्वाह गरिसकेका र मुलुक गणतन्त्र जुानपर्दछ भनेर कांग्रेस नेताहरु मध्ये अग्रपङ्तीबाट मैदानमा उत्रिएका पात्र हुन् । नेम्वाङ संविधान जारी गर्दाका सभामुख हुन् । राजनीतिक व्यत्तित्वका हिसावले दुवै उम्मेदवार गहकिला देखिन्छन् । चुनावी गणितमा भने पौडेलको पक्ष बलियो छ, कारण उनीसँग आठदलीय सत्ता गठबन्धनकोसाथ छ ।

अहिले दुबै पक्ष चुनावी मैदामा छन् । राष्ट्रपति पदका मतदाता भनेका संघीय संसदका प्रतिनिधि तथा राष्ट्रियसभा सदस्य तथा प्रदेशसभा सदस्यहरु ।

प्रचारकै क्रममा मधेशको राजधानी जनकपुरधाममा कांग्रेसले नाम दिएको अभिमुखिकरण कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा आठदलीय गठबन्धनका जिम्मेवार नेताहरुले धारणा राखेका राखे । संघीय सरकारमा नयाँ समिकरण बनिसकेको तर सरकारमा सहभागिता बनिनसकेको र यता प्रदेशस्तरमा भने राष्ट्रपति निर्वाचन पछि समिकरणहरु बन्ने संभावना रहेको पृष्ठभूमिकाबीच सत्तासिनहरुको अभिव्यक्तिमा भने एकरुपता देखिएन् । नयाँ सत्ता समिकरण राष्ट्रपति चुनावको संघारमा बनेको भएपनि यसको उदेश्य राष्ट्रपति, उपराष्ट्रपति, प्रदेश सरकार लगायतका वृहत एजेण्डामा भएको आम बुझाई छ । जिम्मेवार शीर्ष नेताहरुले यस्तै सन्देश दिएका पनि छन् ।

जनकपुरधामको अभिमुखिकरणमा भने आठदलीय गठबन्धनका जिम्मेवार नेताहरुले शंका, उपशंका प्रकट गरेका छन् । कार्यक्रममा बोल्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारीले हाललाई राष्ट्रपति पदको उम्मेदवारको बारेमा मात्र सहमति भएको बताए ।भण्डारीले भने ' अहिले राष्ट्रपतिमा मात्र सहमति भएको छ ।' जनता समाजवादी पार्टी नेपालका नेता हरिनारायण यादवले उपराष्ट्रपति जसपाले पाउनुपर्ने बताएपछि भण्डारीले त्यस्तो प्रतिक्रिया दिएका हुन् । भण्डारीको कथन थियो 'अहिले राष्ट्रपतिको विषयमा मात्र सहमति भएको छ, बाँकी विषयमा पछि सहमति हुँदै जाला ।'

आठदलीय 'सहमति'मा उपराष्ट्रपतिको नाममात्र टुंगो नलागेको हो, पद भने जसपालाई दिने भनिएको प्रचारमा छ । तर, भण्डारीको भाषाले सहमति भैसकेका बताउँदैन । अनर्थ लाग्नेगरी जिम्मेवार नेताहरुले बोल्न सुहाउँदैन । उता नेकपा माओवादी केन्द्रका नेता मातृकाप्रसाद यादवले गठबन्धनका उम्मेदवार पौडेललाई निर्वाचित गराउनका लागि नेपाली कांग्रेस आफैं ईमान्दार हुनु आवश्यक रहेको औंल्याए । नेपाली कांग्रेससँग सबैभन्दा धेरै मत रहेकाले कांग्रेसी साथीहरुलाई ईमान्दार हुन आवश्यक हुने यादवको अर्ति थियो ।

यी दुई नेताका अभिव्यत्तिबाट के बुझ्न सकिन्छ भने नेताहरु आठदलीय गठबन्धकाल पात्र भएपनि उनीहरुको भाषामा एकरुपता देखिएन । आफ्नो भन्दा अरु पक्षको आलोचना गर्नुपर्दछ मनोविज्ञानले घर गरेको देखिन्छ । नेताहरुसँग सायद विषय छैनन्, के बोल्ने, कसरी बोल्ने त्यसको अभ्यास, अध्ययनको कमी देखिन्छ । भाषणका लागि भाषण सही तर अर्थको अनर्थ लाग्ने कुरा बोलेर जनमानसमा भ्रम छर्ने कामलाई उचित मान्न सकिन्न । भण्डारी र यादव दुबैले कार्यक्रमको सीमा भन्दा बाहिर गएर राजनीति गरेक भाषण गरेका छन् । नयाँ सत्तासमिकरण लामो समयका लागि बनेको र यसको उदेश्य संविधानको रक्षा र कार्यान्वयन गर्न भनिएको छ । यती वृहत्तर कार्यादिश भएको समिकरणका जिम्मेवार नेताहरुलाई आफूखुसी बोल्न सुहाउँदैन् । उनीहरु उत्तिकै संवेदनशील, जिम्मेवार र जवाफदेही बन्न आवश्यक छ । भाषणका लागि भाषण गर्ने होइन, जमाना बद्लिएको छ ।नेताका अभिव्यत्तिहरुमा सम्मोहन हुनुपर्दछ, ओज र विचारले भरिपूर्ण हुनुपर्दछ ।

कबीरा खडा बाजार

# दिलीपको बलिदान र चुरे संरक्षण

*नेपालका प्रथम राष्ट्रपति डाक्टर रामवरण यादवसँग पछिल्लो साता लामो कुराकानी गर्ने अवसर जुर्यो। सधै झै यसपटक पनि उहाँ चुरे विनाश र मधेशको भविष्यबारे निकै बेर चिन्ता साझेदारी गर्नु भयो। भन्नु भयो ृ;दिलीपसँग न्याय अदालतको कुनै फैसला मात्रले हुदैन। निरन्तर लेखिराख्नु पर्छ। चुरे मास्न बहुपक्षीय संलग्नता छ चुरे संरक्षणमा मधेशको भविष्य छ*



– चन्द्रकिशोर

**दिलीपको हत्या**

धनुषाको मिथिला- ५ का दिलीप महतोलाई अवैध उत्खनन् भईरहेको औरही खोलामा टिपरले किचेर हत्या गरियो। उनको अपराध थियो - साँचों कुरालाई दुनिया सामु उजागर गर्दै जानु , गलत कामको ठामका ठाममैं प्रतिरोध गर्नु । सत्य बोल्दा, ईमानदार प्रतिरोध गर्दा आफ्नो बलि दिनु पर्ने अवस्था आई पुग्छ । उनको हत्याले एक उदाउँदो संरक्षणकर्मी , एक जागरूक नागरिक, एक प्रतिबध्द प्राविधिकको अवसान भएको छ । उसो त एउटा पुरानो आहान छ –सत्यको मुख स्वर्ण आवरणले छोपिएको छ ।' हो पनि अहिले बेथिति गर्ने, सत्ता र शक्तिको दुरूपयोग गर्ने , सार्वजनिक सम्पति हाकाहाकी मास्नेहरूले सत्यलाई किन्न खोज्छन । प्रलोभन र प्रभावमा पारेर सत्यलाई छल्न खोज्छ । त्यतिले नपुगे त्रसित पार्न समेत कुनै कमि गर्दैनन् । धम्कीको बावजूद दिलीपले आफ्नो गाउँ वरिपरि उत्खननको विरोध गर्न छोडेनन्। आफ्नो खेतछेउमा बालुवा निकालिरहेको थाहा पाएपछि उनी विरोध गर्न क्रसर उधोग भएको ठाँउमा पुगेका लिए , जहाँ टिपरले किचेर उनको त्यही मृत्यु भयो ।

मिथिला नगरपालिका भित्रका अधिकांश नदी एवं खोलामा अवैध उत्खनन ब्याप्त छ । दिलीपको अन्तिम पलसम्म एउटै आवाज रह्यो - सत्यलाई भन्दै गर, लगातार प्रतिरोध गर्दै रहूँ ।

भूईतहमा बेथिति, अराजकता र अन्यायको विरोधले मात्र लोकतन्त्रलाई ज्यूदों राख्न सक्छ । दिलीपले नदीमाथिको अन्यायलाई विराम दिन जुन आँट र आवाज खडा गरे त्यसले लामो समयसम्म युवाहरुलाई स्पन्दित गर्दै रहन्छ । नदी दोहन, जंगल फडानी , स्रोतको हिनामिना , निर्वाचित प्रतिनिधिको गैर जवाफदेही, सार्वजनिक सम्पतिको गैरकानूनी प्रयोग जस्ता सवाल नेपाली लोकतन्त्रका जनताकालागि अभिशाप बन्दै गएको हो ।यसबाट मुक्ति गर्ने क्षमता कसैमा छ भने त्यो युवा बर्गमा नै छ ।

दिलीपले आफ्नो युवक हुनुको दायित्वको पालना बिना कुनै प्रचार गरे । संज्ञा विशेषणात्मक शब्द 'युवक' बस्तुतः आफ्नो निर्माता तीन अक्षर यु, व र क को विशुध्द रुपले परिभाषित गर्दछ । युवकको पहिलो अक्षर 'यु' ले युयुत्साका तर्फ संकेत गर्दछ, जसको अर्थ हुन्छ संघर्ष क्षमता तथा त्यसकालागि सदैव तत्परता । मध्य अक्षर 'व'ले विवेकको साइनो राख्दछ । अन्तिम अक्षर 'क' जो कर्मठताको ध्योतक हो । ग्रामीण क्षेत्रका यी अभियन्ताले समग्रतामा आफू युवक हुनुको मूल्य स्थापित गरे।

**पानीमाथि प्रहार**

उर्वर भूमि छ, सहज पानी उपलब्ध छ अनि पो मधेश छ । फैलिदो बालुवाकरण र पानीको संकट गहिरिदै गयो भने मधेशको अस्तित्व रहदैन। नदीमाथि खेलवाड़ गरेर तवाहीको इतिहास लेखिने तैयारी हुदैंछ । स्थानिय सरकारहरु राजस्व र विकासको दुहाई दिएर पर्यावरणीय सरोकारको उपेक्षा गर्दे गएका छन्, बलमिच्याईको सीमा नाघ्दै गएका छन ।अहिले समाज र नदीकोबीचमा सरकारले प्रवेश गरेपछि यसलाई केवल आन्तरिक आम्दानीको दरिलो स्रोत मानिन थालिएको छ । 'परम्परा' शब्द

सुन्ने बितिकै अहिलेको शासकीय बृतलाई पछौटेपन, पुरानो तौर तरीका र पुरानो सोच जस्तो शब्द गुंन्जिन थाल्छ। अहिलेको विकास र राजस्वले हाम्रो जल संरचनामाथि अतिक्रमण गर्दै गएको छ । पानीको स्वभावलाई आगो बुझाउने मानिएको छातर यस्तैरहे पानीले समेत आगो सल्काउन सक्छ । पूर्वाधारको बर्बादी ,बाढी ,डुबान, कटान र पानीको संकटको एउटा कारण नदीमाथिको ज्यादती बताईन्छ । नदीजन्य पदार्थको मनपरिढंगले दोहन गरिदाँ हालकालागि गाँउ र शहरको एक बृतलाई गुलजार गरेपनि अन्ततोगत्वा उजाड़ निम्त्याउने छ । बीसौं र एक्काईसौं शताब्दीका नदीचरित्रमा ज्यादै अन्तर आएको छ । यसरी आएको अन्तर सदीको कारणले होईन, यस सदीमा भएका घटनाहरुको कारणले भएको छ । एउटा लामो कालखण्डसम्म नदीको स्वभाव फेरिएन तर पछिल्ला केही दशकभित्र ठूलो हेर-फेर भो।

यसलाई अझ साँघुरो समयमा ल्याएर हेर्दा निर्वाचित सरकार आएपछि सोच्नै नसक्ने विनाश भएको छ । पर्यावरणको आँखाले यदि हामी पछिल्ला गतिविधिहरूलाई नियाल्छौ भने पाउछौ , कि धेरै चीजलाई अस्वीकार गरिएको छ ।

मधेशी समाजमा दुईटा शब्द निकै मिल्दोजुल्दो छ, आँख ( आँखा ) र पाँख ( पखेटा ) । भन्न के खोजिएको हो भने पहिला समाजमा यस्तो परम्परा थियो, जहाँ ब्यक्तिले आफ्नो आँखाले पनि हेर्दथ्यो आफुलाई र पखेटाबाट आफुलाई माथी उठाएर एउटा विहंगम दृश्य लिन्थ्यो , आफ्नो समाजको। अर्थात ब्यक्तिको साथसाथै समाजको हितलाई समेत हेक्का राखिन्थ्यो। जहाँ जिविका वा खेति किसानी राम्रो छ भने त्यहाँ पानीको काम बिर्सिएको हुदैनथ्यो । यसरी सामाजिक विकास क्रमले आफुलाई समग्रतामा आकार प्राप्त गर्दथ्यो ।

अहिलेको विकासको गतिविधि नितान्त एकाकी हुन पुगेको छ । जहाँ एउटा सिमित बर्गले लाभ बटुल्छ बाँकीकाहरु केवल कोलाहल गरेर बाँच्छन । यस्तो कठिन परिवेशमा दिलीपहरु आफ्नो बस्ती र खेत खलिहान जोगाऊनजुर्मुराउछन ।

दिलीपको गाँउमा निर्वाचित जनप्रतिनिधिहरू थिए।



बिभिन्न दल आबध्द कार्यकर्ताहरू थिए ।छेउमै प्रहरी चौकी थियो ।तर कसैले पनि त्यतिखेर अबैध क्रसर संचालनप्रति चूं शब्द निकालेनन् । अर्थात सबै मिलिभगतमा थिए वा नदीजन्य वस्तुहरूको अबैध उत्खनन्लाई सामान्य ठाने । यहाँ हेर्नुपर्ने मकुरा के हो भने टिपरले किचेर हत्या गर्ने आँट विकसित सामाजिक तन्त्रबाट उनीहरूले पाएका छन् । यही हो माफिया राज । यो राज बहुतहको सरकारबाट संरक्षित छ । धन्य मानौ कुनै राजनीतिक दलले दिलीपको लासमाथि चादर ओढाएनन् । यसले दुईटा प्रष्ट संकेत छ, टिपर- अर्थतन्त्रका अंशियार दलहरू छन दोश्रो, टिपर - आतंक विरूद्धमा जनताका साझा मुद्दा बोकेर दिलीप स्वतन्त्र लड़ाई लड्दै थिए।

यहाँ हेर्नुपर्ने मकुरा के हो भने टिपरले किचेर हत्या गर्ने आँट विकसित सामाजिक तन्त्रबाट उनीहरूले पाएका छन् । यही हो माफिया राज । यो राज बहुतहको सरकारबाट संरक्षित छ । धन्य मानौ कुनै राजनीतिक दलले दिलीपको लासमाथि चादर ओढाएनन् । यसले दुईटा प्रष्ट संकेत छ, टिपर- अर्थतन्त्रका अंशियार दलहरू छन दोश्रो, टिपर - आतंक विरूद्धमा जनताका साझा मुद्दा बोकेर दिलीप स्वतन्त्र लड़ाई लड्दै थिए ।

**डोजर अर्थतन्त्र र प्रतिरोध**

खासगरी अहिले तराईमा टिपर र डोजर अर्थतन्त्र मौलाएको छ। नदीजन्य वस्तुहरूको अबैध उत्खननले एक खालको आर्थिक-सामाजिक स्वरुप लिएको छ । त्यसैगरी विकासकों 'डोजर मोडेल' को चारैतिर अनुकरणका पछाडी छोटों बाटोबाट विकासकों भ्रम छर्न सकिने र तत्काल कमाउन सकिने हो । यसमा सरोकार सबै पक्षको हातमा घ्यूको लड्डु आईपुग्छ । तर दुईटैमा समान पक्ष के हो भने शक्तिको आडमा राज्यको दोहन गर्नु । फुनगी देखि भूईयासम्मको सरकारले प्राकृतिक स्रोतको लूटमा आफ्नो शासकिय सफलता देखिरहेका छन् । बाढी, डुबान र कटानको समस्यालाई कम गर्न थुप्रिएको नदीजन्य पदार्थको ओभर डिपोजिटलाई एउटा निश्चित तह निर्धारण गरेर बर्षेनी हटाउनु पर्ने तर्कको निहुँमा स्थानिय सरकार हरुले उत्खननकालागि छूट दिदाँ देखिएका समस्याहरू यसप्रकार छन् ।ठेक्का नै नलगाईएको ठाँउबाट समेत नदीजन्य पदार्थ निकालि राजश्व छलि, सरकार ले क्रसर उधोग संचालन गर्न तोकेको मापदंड पूरा नगरिनु, उधोगहरूमा उपयुक्त भन्दा बढ़ी मौज्दात रहनु, पोखरी खन्ने बहानामा खोला दोहन, समयबद्ध नविकरण नगराई क्रसर र

बाँकी पृष्ठ ६ मा

# मिथिला परिक्रमाका तीन स्वरुप : बृहत्, माध्यमिक र अन्तरगृह

*बृहत् परिक्रमा चार महिनाको, माध्यमिक १५ दिन र अन्तरगृह एक दिनको परिक्रमा हुने गरेको छ। बृहत् परिक्रमा सन्तमहन्थहरुले कहिलेकाहीँ मात्र गर्ने गरेको पाइन्छ*



– उपेन्द्रभगत नागवंशी

मानवीय जीवन पद्धतिमा पर्वोत्सवहरुको निकै महत्व हुन्छन् । यो चराचर जगतमा सबैप्राणीको आआफ्नो अस्तित्व छ । एक-अर्काको विना कसैको अस्तित्व रहन सक्दैन त्यसकारण हामिले एक-अर्का प्राणिजन्यको अस्तित्वलाई स्वीकारेर जानैपर्छ, भन्ने सन्देश स्वयं प्रकृतिलेपनि दिइरहेका हुन्छन् । हामि मानवले सोको अनुशरण गरी कर्मपथमा हिड्नु पर्छ । प्रकृतिको आफ्नै नियम रहेको छ । प्राकृतिक विधान अनुसार विभिन्न महिना मध्ये फागुन महिनाको समय अत्यन्त महत्वपूर्ण मानिएको छ । श्रीपञ्चमी तिथि पछि वसन्त ऋतुको आगमन हुन्छ र प्रकृतिले कोल्टे फेर्न काम गर्छ ।

फागुन महिनाको अन्तमा कोल्टे फेरको प्रष्टफूटित भएर देखिन थाल्छ । सो समयलाई हामि पृथ्वीवासी 'वसन्त ऋतु'को भन्दै आएका छौं । वसन्तऋतुको अन्तिम पड़ावका रुपमा फागुन पूर्णिका दिन हुने गरेको रङ्गोत्सवको पर्व होरी वा होलीलाई उत्सवधर्मी पर्वकोरुपमा त्यसकारण निष्ठापूर्वक मनाउँछौं । सनातनधर्म मानिने विभिन्न समुदायमा सामुदायिक



पहिचान मूलक प्रथा प्रचलन अनुसार आआफ्नो तरिकाले 'होरिपर्व' मनाउने चलन छ । सांस्कृतिक पहिचान मूलक परम्परा लोक धर्मिक उत्सव 'होरि' मिथिलाक्षेत्रमा आफ्नै शैली र तौर तरिकाले मनाउने चलन छ । जसले पृथक सन्देश दिन्छन् । फागु शुरु हुँदा मिथिला क्षेत्रकावासी प्राचीन मिथिलाको एवं वर्तमान मधेशको राजधानी र आम नेपालीको हृदयस्थली जनकपुरधाम क्षेत्रको परिक्रमा गरेर फागु पूर्णिमाका दिन होरि खेलेर वसन्तोत्सव समापन-बिदाई गर्ने गर्छन् ।

मिथिला परिक्रमा तिन थरिले गर्ने चलन छ । जस्को जीवन्त इतिहास झण्डै झण्डै पाँच सय वर्षको हाराहारीको छ । त्यही होरिको सम्बन्ध पौराणिक कालदेखि रहँदै आएको शास्त्रहरुको अध्ययनले पुष्टि हुन्छ । हामि 'मिथिला परिक्रमा' तथा मिथिलामा मनाइने लोकोत्सवपर्व 'होरि'को विभिन्न पाटोलाई केलाउँदै त्यसको विभिन्न पक्ष(अध्यात्मिक, सांस्कृतिक, लोक मनोविज्ञान)लाई यसलेख मार्फत उजागर गर्न प्रयास गरेका छौं ।

**मिथिला परिक्रमा**

मिथिला मध्यमा परिक्रमा जनकपुरधाम वडा नं.१२ को हनुमाननगर (हनुमानगढी) बाट फागुन शुक्ल औंसीदेखि शुरु हुन्छ तथा पूर्णिमाका दिन सहभागीहरुले जनकपुरधामको अन्तरगृह परिक्रमा गरेपछि समापन गरिन्छ र वर्षदिनकालागि यात्रालाई बिराम दिइन्छ। धनुषा जिल्ला सदरमुकामबाट आठ किलोमिटर पूर्व-उत्तरमा अवस्थित मिथिलाविहारी नगरपालिका अर्न्तगत कचुरी गाउँमा रहेका मिथिलाविहारीको प्राचीन मन्दिरबाट मिथिलाविहारीको प्रतिमालाई विशेष प्रकारको पालकीमा विधिविधान पूर्वक शंखध्वनीसँगै प्रतिस्थापित गरी यात्रा आरम्भ हुन्छ । परिक्रमा यात्राको प्रमुख डोला भगवान

- बाँकी पृष्ठ ६ मा

# जनताको राष्ट्रपति बन्ने मेरो प्रयास हुनेछ : नेम्वाङ

*नेकपा (एमाले) का तर्फबाट मुलुकको नयाँ राष्ट्रपतिका उम्मेदवार बन्नुभएका सुवासचन्द्र नेम्वाङले राजनीतिक अस्थिरताका कारण उकुसमुकुसमा रहेका जनताले राष्ट्रपति शीतलनिवासबाट बाहिर निस्कँदा सहजता महसुस गर्ने वातावरण बनाउन आवश्यक रहेको बताउनुभएको छ । राज्य प्रमुखमा आफ्नो उम्मेदवारीका सन्दर्भमा राससरसँग कुराकानी गर्दै पूर्वसभामुखले आफू निर्वाचित भएमा सडकमा निस्कँदा जनताले जाम भोग्नु नपर्ने र उडानमा रहँदा आकाश अवरुद्ध नहुने विश्वास दिलाउनुभयो । उहाँले भन्नुभयो, "अघिल्ला अप्ठ्यारालाई अनुभवका रूपमा ग्रहण गर्दै जनभावना बुझेर साँच्चिकै जनताको राष्ट्रपति बन्ने मेरो प्रयास हुनेछ ।"*

*संविधानसभाका अध्यक्ष नेम्वाङले अर्को प्रसङ्गमा विगतमा सभामुख र संविधानसभाको जिम्मेवारीमा रहँदै पटक-पटक निष्पक्ष र तटस्थताको परीक्षा उत्तीर्ण भइरहेको जिकिर गर्दै राष्ट्राध्यक्षको पद र गरिमाप्रति पनि आफू सचेत रहेको स्पष्ट गर्नुभयो । प्रस्तुत छ मुलुकको संसदीय अभ्यास र प्रक्रियामा अनुभवी र परिपक्व राजनीतिकर्मीको छवि बनाउनुभएका एमाले नेता नेम्वाङसँग राष्ट्रिय समाचार समिति (रासस)का उपप्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने र भीष्मराज ओझाले मुलुकको सर्वोच्च राजकीय पदको निर्वाचन, उम्मेदवारी र राष्ट्राध्यक्षको भूमिकालगायत विषयमा लिएको अन्तर्वार्ताको सम्पादित अंश :*



**आगामी नयाँ राष्ट्रपतिको उम्मेदवार भइरहँदा मतदातासमक्ष यहाँ के-कस्ता कार्यसूची लिएर जाँदै हुनुहुन्छ ?**
मुलुकको संसदीय प्रक्रिया, आन्दोलन र लोकतान्त्रिक अभ्यासमा मैले जसरी काम गरेँ, जे भूमिका रह्यो, जनता र देशसमक्ष प्रस्ट छ । मनमोहन अधिकारी नेतृत्वको सरकारमा कानुन तथा संसदीय व्यवस्थामन्त्री, प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको सभापतिदेखि विसं २०६२/६३ को आन्दोलनपछि सर्वसम्मतिले सभामुख र संविधानसभाका अध्यक्ष चयन भई निर्वाह गरेको भूमिका अवगत नै छ । मैले सबै राजनीतिक दलको विश्वास जितेर त्यस ठाउँमा पुगेर निर्वाह गरेको भूमिकाले एक प्रकारले म परीक्षणमा समेत सफल भएको अतीत छ । यी सबै सन्दर्भलाई सामुन्नेमा राखेर मैले राष्ट्रपतिमा उम्मेदवारी दिएको छु । मेरो पार्टीले यसपटक मलाई राष्ट्रपतिको उम्मेदवारमा अघि सारेको छ । म सबै दल र सांसदसँग पुगेको छु । उहाँहरूसँगको भेटघाटबाट म अत्यन्त उत्साहित छु ।

**एमालेभित्र अरू धेरै वरिष्ठ नेताहरू पनि हुनुहुन्छ, तर तपाईँलाई नै किन यस पदका लागि सर्वसम्मत छानियो होला ?**
राष्ट्रपति भनेको देशको राष्ट्राध्यक्ष र अभिभावक हो । यो संस्था मेची-महाकाली, तराईदेखि हिमालसम्म सबै जाति, भाषा, संस्कृतिका जनताको साझा अभिभावक हो । उसले राष्ट्रिय एकताको संवर्द्धन तथा संविधानको संरक्षण र पालना गर्नुपर्छ । मेरो अध्यक्षतामा ३१ राजनीतिक दलको विश्वास जितेर संविधान निर्माण गरेको इतिहास छ । यस अवस्थामा सबैभन्दा उपयुक्त पात्र म नै हुन्छ भनी ठानेर होला अध्यक्षको प्रस्तावलाई छलफल गरी पार्टीले सर्वसम्मतिले पारित गर्‍यो । त्यसपछि देश, जनता र सांसदबीचमा जुन माहोल देखियो । त्यसबाट मेरो मनोबल एकदम बढेको छ ।

**राष्ट्रपति आलङ्कारिक पद हो, यहाँ एमालेको सक्रिय नेता र उपाध्यक्ष हुनुहुन्छ, पदको गरिमा जोगाउन कसरी सन्तुलन कायम गर्नुहुन्छ ?**
त्यो मेरा लागि यो अप्ठेरो कुरा छैन । सभामुख र संविधानसभाका अध्यक्ष हुँदा नै म यस्तो परीक्षामा उत्तीर्ण भइसकेको व्यक्ति हुँ । त्यतिबेला अन्य दलहरूले मलाई अर्को दलको भनी कहिल्यै प्रश्न उठाएनन् । बरु मैरै दलभित्र अलि-अलि उठाइयो होला तर आफूले गरेको काम ठीक रहेछ भनेर म निरन्तर लागेँ । त्यसैले दाबीका साथ भनिरहेको छु "म अलरेडी टेस्टेड व्यक्ति हुँ ।" मेरो अध्यक्षतामा रहेको संविधानसभाबाट संविधान जारी भयो, मीठो संयोग भन्नुस्, संविधानको संरक्षण र पालना गर्ने जिम्मेवारीमा रहेको राष्ट्रपति पदमा नै म अहिले उम्मेदवार छु । मेरो उम्मेदवारी उपयुक्त छ, त्यही ठानेर अघि बढाइएको हो भन्ने बुझाइ र विश्वास छ ।

**पछिल्लोपटक राष्ट्रपतिमा दलको आकर्षण बढेको देखिन्छ, यसलाई यहाँले कसरी नियाल्नुभएको छ ?**
राष्ट्रपति पदमा पहिलेदेखि नै आकर्षण हो । यसलाई सबैले सम्मानका रूपमा लिएका छन् । अहिलेसम्म दुई जना राष्ट्रपति भइसक्नुभएको छ । उहाँहरूको अनुभवलाई ध्यानमा राखी आउने दिनमा काम गर्नुपर्छ । राष्ट्राध्यक्ष आलङ्कारिक हुँदाहुँदै पनि उसले सिङ्गो देशलाई एकताबद्ध बनाई संविधानको संरक्षण र पालना गर्न महत्वपूर्ण भूमिका खेल्छ, यसको महत्व स्वयंमा प्रस्ट छ ।

**आफ्नो परीक्षण विगतमा भइसकेको छ त भन्नुभयो, निर्वाचन हो, प्रतिस्पर्धामा हुनुहुन्छ, चुनाव जित्ने आधार के छ त ?**
सर्वप्रथम त उम्मेदवारी घोषणा भइसकेपछि दलहरूको प्रतिक्रियालाई पनि हेरौँ । जनताको पनि सकारात्मक प्रतिक्रिया छ, यसबीचमा म आफैँ ठाउँ-ठाउँमा पुगेको छु । दोस्रो, राष्ट्रपति भनेको सिङ्गो देशको राष्ट्रिय एकताको संवर्द्धन गर्ने पद हो । सबै धर्मावलम्बी, जाति र भाषाका जनताको एकताको प्रतीकका रूपमा यसलाई लिइन्छ । मेरो क्रियाशीलताको लामो जीवनमा यस सन्दर्भमा कहिले पनि अन्यथा व्यवहार र टिप्पणी गरेको छैन । मैले संविधानसभा निर्वाचनमा आफ्नो चिह्नमा नभई संविधानसभाका पक्षमा मात्र मत मागेँ । त्यतिबेला आममतदाताले मलाई यो कस्तोखाले निर्वाचन भनी जिज्ञासा राख्दै प्रशंसा गर्नुभयो । मेरो अध्यक्षताको संविधानसभाले 'जनताले जनताका लागि पहिलोपटक संविधान' भन्ने मान्यताका साथ निर्माण गरी जारी गर्‍यो । यो संविधानको संरक्षक र पालना गर्न मेरो उम्मेदवारी उपयुक्त छ, यही आधारमा मलाई विजय प्राप्त हुन्छ भन्ने विश्वास छ ।

**विगतमा शीतलनिवास र सरकारबीच यदाकदा केही महत्वपूर्ण विषयमा पनि मतैक्यता नभएका घटना बाहिर आएको देखियो, त्यसलाई यहाँले कसरी लिनुहन्छ ?**
यसअघिका दुवै राष्ट्रपतिको राम्रो अनुभव छ । उहाँहरूले सामना गरेको चुनौती र अनुभव हाम्रा पनि हुन् । चुनौती सहजतापूर्वक सामना गर्न सक्छौँ भन्ने मेरो विश्वास छ । संविधान जारी गर्दा मैले भनेको थिएँ, "हामीले राम्रो संविधान बनायौँ, कार्यान्वयन पनि राम्रोसँग गर्छौँ, मलाई दल र दलका साथीमाथि विश्वास छ, तर जतिसुकै राम्रो संविधान लेखिए पनि बुद्धि, विवेक र क्षमता भने दिँदैन, त्यो हामीले नै देखाउनुपर्छ ।" कहिलेकाहीँ त्यस्तो क्षमता नपुगेर देखापरेका चुनौतीलाई अनुभवका आधारमा सम्बोधन गर्नुपर्छ । त्यसो भएमा समस्या आउँदैनन् ।

**आगामी राष्ट्रपतिको जिम्मेवारी सम्हाल्ने अवसर मिल्यो भने विगतभन्दा फरक अनुभूति र सन्देश जनताले के प्राप्त गर्लान् ?**
अहिलेसम्म भएका दुईवटै राष्ट्रपतिले मेहनतका साथ काम गरिसक्नुभएको छ । यसअघि निश्चित कुलमा जन्मिएको जेठो छोरालाई राजाका रूपमा अभिभावक स्वीकारेका थियौँ । त्यो शासन प्रणाली परिवर्तनपछि जुनसुकै कुलमा जन्मिएको छोरा वा छोरी राष्ट्रपति उम्मेदवार हुने व्यवस्था अपनाएका छौँ । अघिल्ला अप्ठ्यारालाई अनुभवका रूपमा ग्रहण गर्दै जनताको भावना बुझेर साँच्चिकै तिनको राष्ट्रपति बन्ने मेरो प्रयास हुनेछ ।


**नेपाल संवेदनशील भू-राजनीतिक अवस्थामा छ, दुवै छिमेकी र वैदेशिक सम्बन्धलाई ठीक ढङ्गबाट अघि लैजान राष्ट्रपतिको के-कस्तो भूमिका हुनसक्छ ?**
राष्ट्रपतिले सबै काम संविधान र कानुनबमोजिम गर्छ । संविधानमा प्रस्ट लेखिएको छ- निश्चित निकाय वा संस्थाले सिफारिस गरेबमोजिम गर्ने भनेकामा त्यहीबमोजिम गर्ने, नभनेकामा मन्त्रिपरिषद्को परामर्शमा राष्ट्रपतिले गर्ने र त्यस्तो सिफारिस प्रधानमन्त्रीले गर्ने । वैदेशिक सम्बन्धलगायत कतिपय विषय राष्ट्रपतिलाई जानकारी गराइने वा राष्ट्रपतिबाट जानकारी माग्ने भन्ने कुराभित्र पर्छ । संविधान र कानुनबमोजिम चल्दै देशको अभिभावक, संविधानको संरक्षक र एकताको प्रतीकका रूपमा काम गरेर राष्ट्रपतिले सरकार र देशलाई सहयोग गर्न सक्ने ठाउँ छ । त्यसअनुसार म क्रियाशील बन्नेछु ।

**अन्त्यमा, निर्वाचनमा विजयी भएमा राजनीतिक अस्थिरताका कारण उकुसमुकुसमा रहेका जनतालाई शीतलनिवासबाट कस्तो शीतलता दिनु हुनेछ ?**
उकुसमुकुसमा रहेका जनताले राष्ट्रपति शीतलनिवासबाट बाहिर निस्कँदा सहजता महसुस गर्नुपर्छ, तिनले आफ्नो अभिभावक आफूबीचमा आएको अनुभूति गर्नुपर्छ । हाम्रो कुरा उहाँमार्फत सरकारसमक्ष पुग्छ भन्ने हुनुपर्छ । यी सबै कुरा जनताको राष्ट्रपतिले गर्न सक्छ भन्ने मलाई विश्वास छ । त्यही गर्ने प्रयास मेरातर्फबाट हुनेछ । रासस

# संविधान र लोकतन्त्रको रक्षा नै मेरो पहिलो कर्तव्य हुन्छ : नेता पौडेल

*आठदलीय गठबन्धनका तर्फबाट राष्ट्रपतिका उम्मेदवार बन्नुभएका नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले जीवनभर लडेर ल्याएको लोकतन्त्र र संविधानको रक्षा एवं परिपालनाको विषयलाई नै आफूले महत्वपूर्ण ठानेको बताउनुभएको छ । यही फागुन २५ गते हुने राष्ट्र प्रमुखको उम्मेदवारीका सन्दर्भमा राससरसँग कुराकानी गर्दै उहाँले आफू प्रजातन्त्रका लागि छ दशकदेखि लड्दै आएकाले वर्तमान संविधान र लोकतन्त्रको रक्षा नै पहिलो कर्तव्य र जिम्मेवारी हुने उल्लेख गर्नुभयो । पूर्वसभामुख पौडेलले भन्नुभयो, "संविधान र लोकतन्त्रसहित परिवर्तनका उपलब्धिको रक्षा गर्ने सन्दर्भमा राष्ट्रपतिको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रपतिको उम्मेदवारीका लागि भएका छलफलमा सबै दल र साथीहरूको सहमतिपछि म उम्मेदवार भएँ, जनताले अपेक्षा गरेअनुसारको यदि मैले आचरण र संविधानको परिपालन गर्न सकेँ भने शीतलनिवासबाट सबैले शीतलताको छहारी पाउनेछन् ।"पूर्वउपप्रधानमन्त्री पौडेलले अर्को प्रसङ्गमा लोकतन्त्रप्रतिको निष्ठा र विगतका जिम्मेवारीले आफ्नो निष्ठा र तटस्थताको परीक्षण भइसकेको जिकिर गर्दै राष्ट्रपति पद संविधान र लोकतन्त्रको रक्षा गर्ने महत्वपूर्ण ठाउँ भएको स्पष्ट गर्नुभयो ।*

*प्रस्तुत छ, मुलुकको संसदीय अभ्यास र प्रक्रियामा अनुभवी र परिपक्व राजनीतिकर्मीको छवि बनाउनुभएका पौडेलसँग राष्ट्रपति निर्वाचन, उम्मेदवारी र राष्ट्राध्यक्षको भूमिकालगायत विषयमा राससका उपप्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने र वरिष्ठ समाचारदाता भीष्मराज ओझाले लिनुभएको अन्तर्वार्ताको सम्पादित अंश :*



**आगामी नयाँ राष्ट्रपतिको उम्मेदवार भइरहँदा यहाँको तयारी के छ, मतदातासमक्ष कसरी जाँदै हुनुहुन्छ ?**

राष्ट्रपतिका लागि यही फागुन २५ गते हुने निर्वाचनमा कांग्रेससहित आठदलीय गठनबन्धनका तर्फबाट म सर्वसम्मत उम्मेदवार बनेको छु । मेरो उम्मेदवारीले मुलुकमा राष्ट्रिय एकताको सन्देश प्रवाह भएको छ । निर्वाचनको तयारीका क्रममा जनताबाट निर्वाचित भएका प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यसँग निर्वाचन केन्द्रित भेटघाट, छलफल र कुराकानी भइरहेको छ । पत्र तथा एसएमएसका माध्यमद्वारा पनि उहाँहरूसँग भोटका लागि अनुरोध गरेको छु । विभिन्न दलका नेतृत्वसँग भेटेरै कुराकानी भएको छ । मतदाता सबैसँग सम्पर्कमा पुग्ने र विश्वास दिलाउने काम भइरहेको छ ।

**आठदलीय गठबन्धन र नेपाली कांग्रेसका तर्फबाट यहाँलाई नै किन राष्ट्रपति पदको उम्मेदवार छानियो भन्ने लाग्छ ?**

राष्ट्रपति निर्वाचनका सन्दर्भमा सबै दलहरूबीच भएको छलफलमा मलाई नै उम्मेदवार बनाउने ठहर भएर सहमति जुट्यो । नेपालको अहिलेको राजनीतिमा संयोग नै भन्नुपर्छ सबै किसिमले अरुभन्दा वरिष्ठ भएको र सबैको सहमति मेरै नाममा जुटेकाले यो अवसर प्राप्त भएको छ । अहिलेको व्यवस्था र लोकतन्त्र प्राप्तिका क्रममा सबैभन्दा बढी सङ्घर्ष र मेहनत गरेको छु । लोकतन्त्र स्थापना, संविधान निर्माणमा पनि मेरो भूमिका र योगदान देखेर सबै साथीहरूले मलाई नै उययुक्त ठान्नुभयो ।

**राष्ट्रपति संवैधानिक पद हो, यहाँ कांग्रेसेको क्रियाशील र वरिष्ठ नेता हुनुहुन्छ, निर्वाचित भएमा पदको गरिमा जोगाउन कसरी सन्तुलन कायम गर्नुहुन्छ ?**

मेरो जीवन दर्शन र जीवनभरको क्रियाशीलता तथा सङ्घर्ष भनेको लोकतन्त्र, देशको उन्नति र जनताको अधिकार प्राप्तिका लागि हो । यसका लागि जीवन बिताएर म यहाँसम्म आइपुगेको छु । मेरो सबैभन्दा ठूलो प्राथमिकता भनेको लोकतन्त्र र जनताको अधिकार हो । अहिलेको संविधान र व्यवस्था ७० वर्षसम्म लडेर ल्याइएको हो । त्यसैले संविधानको रक्षा नै पहिलो कर्तव्य हो । लोकतन्त्रका लागि मैदानबाटै लड्दै आएको मान्छे हुँ । परिवर्तनका यी उपलब्धिको रक्षा राष्ट्रपति पदबाट हुन्छ भन्ने मलाई लाग्छ । संविधान र लोकतन्त्रको रक्षा गर्न यो ठाउँ पनि महत्वपूर्ण छ । दल र अरु साथीहरूका बीच यही कुरामा सहमति भएर नै म उम्मेदवार बनेको छु । जीवनभर लडेर ल्याएको लोकतन्त्र र संविधानको रक्षा तथा परिपालनाको विषयलाई मैले महत्वपूर्ण ठानेको छु ।

**राष्ट्रपतिमा यहाँको निर्वाचन जित्ने आधार के-के हुन् ?**

कांग्रेससहित आठ दलको तर्फबाट म साझा उम्मेदवार भएपछि देशभर मेरो पक्षमा जनलहर पनि छ । मेरो सङ्घर्षको इतिहास देखेका, मेरा बारेमा थाहा पाएका जनतामा मप्रति अपेक्षा र भरोसा छ । राष्ट्र र प्रजातन्त्रप्रतिको सङ्घर्षमा भएको योगदानका कारण मलाई यो जिम्मेवारी दिँदा संविधान र परिवर्तनका उपलब्धि सुरक्षित रहन्छ भन्ने जनमत पाएको छु । अर्को कुरा दलको पनि समर्थन मलाई मिलेको छ । नेकपा (एमाले) बाट मेरो साथी सुवासजी उम्मेदवार हुनुहुन्छ, त्यही दलबाट पनि मप्रतिको सद्भाव र विश्वासको अनुभव गरेको छु । यो चुनावमा मलाई विजयी हुनका लागि त्यो जनमत नै सहयोगी हुन्छ भन्ने मेरो विश्वास छ ।

**यहाँलाई आगामी राष्ट्रपतिको जिम्मेवारी सम्हाल्ने अवसर मिल्यो भने विगतभन्दा फरक अनुभूति र सन्देश जनताले के प्राप्त गर्लान् ?**

समयअनुरुप चुनौती बदलिँदै र जटिल बन्दै गएका छन् । अहिलेको प्रणाली र संविधानमाथि विभिन्न कोणबाट देखिएका चुनौती र विचलनको अवस्थाप्रति सजग रही कुनै पनि तलमाथि हुन नदिई प्रभावकारी ढङ्गबाट काम गर्नुपर्छ । अहिले हामीसँग संविधान र गणतन्त्रलाई संस्थागत गर्ने अभिभारा र चुनौती छ । गणतन्त्रको राष्ट्रपति र हिजोको राजतन्त्रको राष्ट्रध्यक्षको चरित्रमा मौलिक भिन्नता हुन्छ । त्यो पृथकता देखाउने प्रयास मबाट हुन्छ । हिजो र आजको राष्ट्राध्यक्षका व्यवहार र आचरणमा के-के भिन्नता हुनुपर्छ भन्नेमा प्रष्ट छु ।
राष्ट्रपति वा प्रधानमन्त्री भनेको मुलुकको भिन्नै विशिष्ट नभई सबै जनताका बीचमा पदीय जिम्मेवारीका कारण अग्रज मात्र हो । यो विषयलाई म यही रूपमा नै लिन्छु । असली अनि पूर्ण लोकतन्त्र र गणतन्त्र यही हो । समाजका सबै मानिस समान र स्वतन्त्र हुन् । हामी त्यही खोजीमा छौँ । त्यही आचरण गर्नुपर्छ ।

**राष्ट्रपतिमा निर्वाचित भएमा संविधानको संरक्षण, पालना र प्रवर्द्धनमा यहाँको भूमिका के रहन्छ ?**
मेरो एउटै कुरा हो, मैले जीवनमा जुन 'मिसन'लाई अगाडि राखेर सङ्घर्ष गरेँ, त्यो मिसनलाई पूरा गर्न संविधानसभाबाट संविधान जारी गर्न र लोकतन्त्रलाई स्थापित गर्न पूर्णरूपमा क्रियाशील भएँ । त्यसमा भिजेको तथा संविधानको सम्पूर्ण अक्षर, मर्म एवं भावनासँग जानकार र परिचित भएको तथा आत्मसात गरेको व्यक्तिका नाताले आउनसक्ने कुनै पनि चुनौतीबाट जोगाएर लैजान सक्छु भन्ने मेरो अठोट छ ।

**राष्ट्रपतिमा राजनीतिक दलहरूको आकर्षण बढेको देखिन्छ, यसलाई यहाँले कसरी नियाल्नुभएको छ ?**

राष्ट्रपति संविधानको पालक र संरक्षक तथा संवैधानिक सर्वोच्च र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने पद हो । यो पदको विशेष महत्व छ । तर यसका आफ्नै मर्यादा छन् । संसदीय प्रणालीको मान्यताअनुसारको पद हो । यसको अर्थ राष्ट्रप्रमुखबाट गल्ती हुँदैन भन्ने मान्यता राखिन्छ । हाम्रो राजनीतिक प्रणालीमा कार्यकारी अधिकार प्रधानमन्त्रीमा हुन्छ, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले काम गर्ने हो । राष्ट्रपतिको काम, कर्तव्य र अधिकार र संविधानले तोकेको छ । तर, राष्ट्रपतिको भूमिका राष्ट्राध्यक्ष, संविधानको संरक्षकको नाताले सजग भएर राष्ट्रहितबारे सोचिरहेको हुनुपर्छ ।

नेपाल संवेदनशील भू-राजनीतिक अवस्थामा छ, दुवै छिमेकी र वैदेशिक सम्बन्धलाई ठीक ढङ्गबाट अघि लैजान राष्ट्रपतिको के-कस्तो भूमिका हुनसक्छ ?
नेपाल एकीकरणका बेला तत्कालीन राजा पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुङ्गाबीचको तरुल भनेका थिए । यसले कसरी जोगिएर र सन्तुलन मिलाएर अघि बढ्नुपर्छ भन्ने कुरालाई इङ्गित गर्छ । हामीले असंग्लनताको परराष्ट्र नीति र तटस्थताको महत्व बुझेर अघि बढ्नु पर्छ । नेपालले त्यही कूटनीति अवलम्बन गर्नुपर्छ । राष्ट्राध्यक्षले त्यसैका लागि आवश्यक वातावरण बनाउने र राय-सुझाव दिने काम गर्न सक्छ ।

**अन्त्यमा, राजनीतिक अस्थिरताका कारण उकुसमुकुसमा रहेका जनतालाई यहाँ त्यो पदमा पुग्ने भएको खण्डमा शीतलनिवासबाट कस्तो शीतलता प्रदान होला ?**
आठदलीय गठबन्धनको तर्फबाट राष्ट्रपतिको साझा उम्मेदवार भएपछि नेपालको राजनीतिक वायुमण्डलमा सन्तोष र न्यायको अनुभूतिजस्तो मैले देखिरहेको छु । मलाई लाग्छ, त्यो पदमा पुगेपछि जनताले अपेक्षा गरेअनुसार यदि मैले आचरण परिपालन गर्न सकेँ भने शीतलनिवासबाट सबैले शीतलताको छहारी पाउँनेछन् ।
रासस

# प्रधानमन्त्री प्रचण्डको कारण २० अर्बको क्षति

मधेशदृष्टि
काठमाडौं, २० फागुन । प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनले मोबाइल डिभाइस म्यानेजमेन्ट सर्भिस (एमडीएमएस) लागू हुन नसक्दा सरकारलाई करीब २० अर्ब रुपैया राजश्व गुमेको छ ।
अवैध रुपमा देशमा मोबाइल भित्रिंदा राजश्व गुम्ने गरेको दृष्टिगत गर्दै एमडीएमएस प्रणाली ल्याइयो तर प्रधानमन्त्री प्रचण्डको निर्देशनमा त्यो लागू हुन नसक्दा २० अर्ब राजश्व गुम्न गएको भन्सार विभागका महानिर्देशक चक्र बहादुर बुढाले बताएका छन् ।
भन्सार विभागका महानिर्देशक बुढाले भने 'एमडीएमएस लागु नहुँदा सरकारको अर्बौ रुपैयाको राजस्व गुमिरहेको छ, 'एमडीएमस लागू नगर्दा करिब २० अर्ब राजस्व गुमेको छ', अझै राजश्व गुम्ने सम्भावना रहेकाले 'सबै मोबाइल फोन राजस्वको दायरामा ल्याउनुपर्छ ।' 'एमडीएमएस कार्यान्वयन सञ्चार मन्त्रालय अन्तगर्तको हो । हामी राजस्व लिने मात्रै हो', उनले भने, 'भन्सार विभागले छिट्टै कार्यान्वयन गर्नुपर्छ, लागू गर्नुपर्छ भन्दै आएका छौं ।' अर्थ मन्त्रालयलाई छिटो कार्यान्वयन गर्न सञ्चार मन्त्रालयसँग सहजीकरण गर्न आग्रह गरिरहेको बुढाले बताए। उनले प्राधिकरणसँगै समन्वय गरेर कार्यान्वयन गर्नुपर्छ भन्ने धारणा रहेको बताए ।
'एमडीएमएस लागू गर्न हामी प्राविधिक रुपमा पूर्ण तयार छौं', नेपाल दूरसञ्चार प्राधिकरणले अर्ब बढीको उपकरण खरिद गरी थन्काइएको छ प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल भन्छन्, 'नेपाल सरकारले एमडीएमएस लागू गर भनेर हामीले गरेका हौं । लागू हुँदा फाइदा त सरकारलाई नै हो ।' मोबाइल आयातकर्ता संघका उपाध्यक्ष अग्रवालले ग्रे मार्केटका गिरोहले विदेशबाट नेपाल आउने नेपालीलाई समेत फोन बोकाउने गरेको दाबी गरे । 'वैदेशिक रोजगारीमा गएका नेपालीले आफ्नो लागि मात्रै होइन । ग्रे मार्केटका गिरोहले महँगा फोन बोकाउने गरेका छन', उनले भने, 'भन्सारबाट अवैध आयात हुने र विमानस्थलबाट नेपालीलाई भरिया बनाएर ल्याउने धेरै छन् ।' यता उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी डा. मनोज कुमार केसी आईएमईआई नम्बर रजिस्ट्रेसन नभएको, लट नम्बर नखुलेका मोबाइल प्रयोग हुँदा अनुसन्धानमा अप्ठ्यारो पर्ने गरेको बताउँछन् । एमडीएमएस लागू हुँदा मोबाइल प्रयोगकर्ताको डेटा एकीकृत रुपमा पाउन सकिन्छ', केसीले भने, 'एमडीएमएस लागू हुँदा मोबाइल रजिस्ट्रेसन भएको हुन्छ । अपराधी खोज्न सहज हुन्छ ।'
गत पुस १५ देखि नेपालमा मोबाइल डिभाइस म्यानेजमेन्ट सर्भिस (एमडीएमएस) लागू हुने तयारीमा थियो । लागू हुन नपाउँदै प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनले एमडीएमएस रोकियो । नेपालमा अवैध र चोरीका मोबाइल खुल्ला रुपमा भित्रिएको भन्दै एमडीएमएस प्रणाली विकास गरिएको हो । एमडीएमएस प्रणालीको मुख्य उद्देश्य नेपालमा भित्रिएका सबै मोबाइलका आईएमईआई दर्ता हुनुपर्छ । प्राधिकरणको आईएमईआई दर्ता नभएका मोबाइल पुस १५ पछि नचल्ने सूचनाले सामाजिक सञ्जालमा सरकारको विरोध भयो । 'रेमिट्यान्स चल्ने मोबाइल नचल्ने' भन्दै विरोध सुरु भएसँगै प्रधानमन्त्रीले एमडीएमएस प्रणाली नै रोकिदिए । विदेशबाट फर्किने नेपालीलाई भन्सार विभागले एउटा मोबाइल निःशुल्क र अर्को भन्सार तिरेर मात्रै ल्याउन पाउने व्यवस्था गरेको थियो । नेपालमा मोबाइल अवैध रुपमा आयात हुन्छ भन्ने भन्सार विभागको तथ्यांकले पनि देखाएको छ । कोभिड महामारीको समयमा सबै नाका बन्द वा कडाइ हुँदा आर्थिक वर्ष २०७७/०७८ मा ७० लाख ३० हजार मोबाइल फोन भित्रिएका थिए । नाका खुल्ला हुँदै गएपछि गत आर्थिक वर्षमा ५७ लाख ६३ हजार मोबाइल फोन भित्रिएका छन् । कोभिड महामारीमा अनलाइनबाट कक्षा सञ्चालन हुनु र वैदेशिक रोजगारीबाट फर्किने अवस्था कम हुँदा नेपालमा मोबाइलको माग ह्वात्तै बढेको थियो ।
चालू आर्थिक वर्षमा भन्सार विभागको तथ्यांकले मोबाइलको आयात केही घटेको छ । अघिल्लो वर्ष माघ महिनासम्म ४० लाख मोबाइल आयात भएका थिए । जसको लागत २८ अर्ब ३८ करोड रुपैयाँ छ । चालू आर्थिक वर्षको माघसम्म करिब १४ लाख बढी मोबाइल आयात घटेको छ । अहिले १६ अर्ब २५ करोड रुपैयाँको मात्रै आयात भएको छ । तर दूरसञ्चार प्राधिकरणले संकलन गरेको तथ्यांकले आयातभन्दा साढे २ गुणा बढी मोबाइल सञ्चालनमा रहेको देखाएको छ ।

## उपराष्ट्रपतिमा लोसपा अध्यक्ष

अध्यक्ष यादव छलफलका क्रममा आफूहरुले राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचन तथा सरकारको विषयमा धारणा राखेकोमा उपराष्ट्रपति जसपालाई दिन सकारात्मक रहेको र यस विषयमा भोली बस्ने ८ दलीय बैठकमा निर्णय हुने बताएको थियो ।
जनमत पार्टीका महासचिव चन्दन सिंहले भने गएको १२ गते भएको ८ दलीय गठबन्धनको बैठकमा राष्ट्रपति पदमा कांग्रेसका उम्मेदवारलाई सघाउने निर्णय मात्रै भएको बताए । उनी भन्छन् त्यो दिनको बैठकमा राष्ट्रपति बाहेक कुनै पदमा सहमति भएको छैन, अनाहकमा उपराष्ट्रपति पद कहिले जसपालाई दिने त कहिले लोसपालाई दिने सहमति भएको कुरा आइरहेको छ । जनमतका सिंहले भने मधेस प्रदेशको मुख्यमन्त्री र उपराष्ट्रपति दुवैमा दाबी गर्न मिल्दैन । सबै पद जसपाले नै लिने यो सम्भव पनि छैन । यदि जसपाले उराष्ट्रपति लियो भने मधेशका मुख्यमन्त्री पद जनमतलाई दिनुपर्छ ।
शुक्रवार मधेश प्रदेशको जनकपुरधाममा राष्ट्रपति पदमा गठबन्धन उम्मेदवारलाई सघाउने सम्बन्धी आयोजित ८ दलीय गठबन्धनको अभिमुखिकरण कार्यक्रममा पनि धारणा राख्ने वक्ताहरुले राष्ट्रपति पदमा मात्रै सहमति भएको बताएका छन् ।
सो कार्यक्रममा जसपाका नेता हरिनारायण यादवले उपराष्ट्रपति पद जसपालाई दिने सहमति भएको कुरा उठाउंदा लोसपा नेता शरतसिंह भण्डारीले उपराष्ट्रपति कसलाई दिने भन्ने बारे कुनै सहमति नभएको भनी प्रतिक्रिया जनाएका थिए ।
सो कार्यक्रममा लोसपा नेता भण्डारीसँग माओवादी केन्द्रका नेता मातृका यादवले पनि उपराष्ट्रपति पदमा कसलाई सघाउने बारे कुनै सहमति नभएको अब बस्ने बैठकमा यसबारे छलफल हुने बताएका थिए । गठबन्धनबाट उपराष्ट्रपति पद कुन दलले पाउने अन्यौलता रहेको बीच श्रोतका अनुसार लोसपा अध्यक्ष ठाकुरलाई उम्मेदवार बनाउने लबिङ्ग शुरु भएको छ । ती श्रोतका अनुसार उपराष्ट्रपति पदमा ठाकुरलाई उम्मेदवार बनाएर त्यहाँ खाली भएको महोत्तरी क्षेत्र नम्बर ३ बाट उपेन्द्र यादवलाई प्रतिनिधि सभा सदस्यको उपनिर्वाचनमा उम्मेदवार बनाउने गरी कांग्रेस सहितका गठबन्धन दलहरुबीच आन्तरिक कुरा भइरहेको छ ।
अहिले उपराष्ट्रपतिमा सामाजिक सञ्जालदेखि लिएर विभिन्न सञ्चारमाध्यममा अध्यक्ष ठाकुरको नाम आउन थालेको छ । यसअघिझैं यस विषयमा हालसम्म ठाकुरले कुनै प्रतिक्रिया जनाएको छैन ।
सो पार्टीका कार्यकारिणी सदस्य शरतसिंह भण्डारी भने उपराष्ट्रपतिका बारेमा कुनै छलफल नै भएको छैन, तर बेमतलबको चर्चा भइरहेको छ,' उनले भने, 'राष्ट्रपतिका लागि हामी प्रस्ताव गरेका थियौं । तर त्यसमा सहमति जुटेन । त्यो एपिसोड नै सकियो । उपराष्ट्रपतिको बारेमा अहिले पार्टीभित्र कुनै किसिमको चर्चा छैन ।' आठ दलीय गठबन्धनमा पनि राष्ट्रपतिबाहेक अरू कुनै विषयमा चर्चा नभएको उनले भने । 'त्यहाँ राष्ट्रपतिको मात्र कुरा भयो । राष्ट्रपतिको चुनाव सकेपछि मात्र उपराष्ट्रपतिको विषय प्रवेश हुन्छ,' उनले भने ।
जब-जब देशमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुखको चयनको प्रक्रिया सुरुवात हुन्छ तब तब लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरको नाम चर्चामा आउने गरेको छ । काँग्रेसमा हुँदा उपसभामुखदेखि विभिन्न मन्त्रालय सम्हालेका अध्यक्ष ठाकुरको चाहना पनि राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री वा सभामुख बन्ने नै हो । उनले त्यसका लागि प्रयास पनि गर्दै आएका छन् ।
२०७९ सालको चुनावपछि बनेको नयाँ सरकारका लागि महन्थ ठाकुरको नाम प्रधानमन्त्रीमा चर्चा नभए पनि राष्ट्रपतिमा निकै चर्चा भयो । लोसपाले आधिकारिक निर्णय नै गरेर सबै दललाई भेटेर राष्ट्रपतिका लागि प्रस्ताव गरेको थियो । तर महन्थ ठाकुरले दलहरूबाट आश्वासन मात्र पाए । जब यसबारे छलफल भयो, त्यसमा कसैले पनि उनलाई समर्थन गरेनन् । आठ दलीय गठबन्धनबाट काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेललाई राष्ट्रपतिको उम्मेदवार बनायो । लोसपाले पनि पौडेललाई नै समर्थन गरेको छ । राष्ट्रपतिको चुनाव चैत ५ गते हुँदैछ ।
काँग्रेस छाडेर २०६५ मा मधेस राजनीतिमा आएका अध्यक्ष ठाकुरले मन्त्री बन्ने चाहना कहिले राखेनन्, जबकि उनको पार्टी पटक-पटक सरकारमा गयो । उनको इच्छा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री वा सभामुख बन्ने नै थियो । काँग्रेसबाट डा.रामवरण यादव राष्ट्रपति बनेपछि धेरैले भनेका थिए, काँग्रेस नछाडेको भए अहिले राष्ट्रपति महन्थ ठाकुर नै बन्थे । पार्टीमा डा.रामवरण यादवभन्दा महन्थ ठाकुर धेरै नै सिनियर नेता थिए । पार्टी नछाडेको भए रामवरणले पाएका अवसर महन्थले पाउने थिए भन्नेहरू धरै थिए । यो प्रसंग बेलाबेलामा उठ्ने गरेको छ । २०७४ मा राष्ट्रपति चयन हुँदा पनि महन्थ ठाकुरको नाम उपराष्ट्रपतिका लागि चर्चामा आएको थियो । तर भागबण्डामा उपराष्ट्रपति माओवादीको भागमा परेको थियो ।

## मिथिला परिक्रमाका

मिथिला विहारीकै हुन्छ । प्रतिस्थापन गरेका प्राचीन मूर्तिको डोलालाई बैष्णव साधु सन्तहरुले भरिया झै काँधमा उठाएर ठेरा, थुमौना, बेंङ्गा-शिवपुर, मुजेलिया, पीड़ारीमा निर्धारित पड़ाव स्थलहरुमा दर्शनार्थीहरुकालागि क्रमशः अल्पविश्राम गर्दै जनकपुरधाम पुर्याइन्छ ।
रत्नसागर स्थानमा डोला आएपछि साँझपख हनुमानगढीमा डोला सहित सीतारामका अनुयायीहरुको लश्कर रात्री विश्राम गर्छन् । मिथिला विहारीको डोला जानु भन्दा अगाबै कुवा स्थित हनुमानगढीमा रामजानकी मन्दिर, सुन्दर सदन, दुलहा दुलहिन मन्दिर, विहारकुण्ड, रशिक कुञ्ज, रत्नसागर मठ, अग्निकुण्ड आदि धर्मस्थलहरुबाट किशोरी जी, हनुमान जी, दुलहा दुलहिनको प्रतिमा विशेष प्रकारले तयार पारिएको पालकी-बग्गीमा शोभायमान गराएर परिक्रमा यात्रामा लाने गरिन्छ । साधु सन्त महन्थ र गृहस्त आश्रमका श्रद्धालुहरु घण्ट बजाउँदै 'जय सीयाराम जय-जय सीयराम'को नारा धन्काउँदै अर्को दिन विहान ब्रह्म मुर्हुतमा हनुमानगढीबाट यात्रीहरुको लश्कर सहित डोला अर्को पडाव स्थल कल्याणेश्वर(भारत)कालागि प्रस्थान गर्छन् ।
पालकी-बग्गीलाई स्थानीय भाषामा 'डोला' भनिन्छ । परिक्रमामा डोला लिएर गइरहँदा बाटाका गाउँहरुमा दर्शनार्थ मानिसहरु कुरेर बसेका हुन्छन् । डोलालाई छोएर आफू बैकुण्ठ तरेर आएसहरको अनुभूति गर्छन् । एक पड़ावमा एकराति विश्राम गरेपछि विहान पुनः आरती पुजन गरेर परिक्रमा डोला अर्को गनतव्यस्थल तिरकालागि प्रस्थान गर्छन् । यसरी एकस्थानबाट अर्कोस्थानमा परिक्रमा लाने क्रम १५ दिनसम्म चलिरहन्छ ।
हनुमान नगरबाट, भारतको कल्याणेश्वर, गिरिजास्थान फूलहर हुंदै नेपालमा महोत्तरी जिल्लाको मटिहानी, जलेश्वर, मड़ै, धुब्रकुण्ड, कञ्चनवन पछि धनुषा जिलामा परिक्रमा प्रवेश गर्छन् । धनुषाको पर्वता, धनुषाधाम,सतोषर, औरही पछि पुनः भारत मधुवनी जिलाको करुणा, बिसौल हुँदै परिक्रमा डोला र यात्री मिथिलानगरि जनकपुरधाम पुग्दछ, रात्री विश्रामपछि फागु पूर्णिका दिन अन्तरगृह परिक्रमा अर्थात जनकपुरधाम नगरको परिक्रमा गरेपछि परिक्रमा यात्रामा विराम दिन्छन् र अर्को वर्ष पुनः सोहि क्रम दोहरिन्छ । प्राचीनकालमा राजा जनकको राजधानी नगर जनकपुरधामको चारैतिरको परिक्रमालाई अन्तरगृह परिक्रमा भनि सम्बोधन गर्ने चलन छ । नगरपरिक्रमा गरेको भोलीपल्ट तराईक्षेत्रमा फागु पर्व होरि मनाउने चलनछ यसपटक होरि २४गते बुधवारकादिन हुने भएको छ ।
बृहत् परिक्रमा, माध्यमिक परिक्रमा एवं अन्तरगृह परिक्रमा गरी तिन प्रकारको परिक्रमा यात्रा गर्ने परम्परा छ । बृहत्तर परिक्रमा प्राचीन मिथिला राज्यको, मध्यमा परिक्रमा राज्यधानी नगरको तथा अन्तरगृह परिक्रमा मिथिला नरेश जनकको दरवारक्षेत्रलाई केन्द्रबिन्दु मानेर दरवार वरीपरिको क्षेत्रलाई गरिने परिक्रमा हो ।
बृहत् मिथिला परिक्रमा सम्पूर्ण मिथिला भूभागको गरिने परिक्रमा नै हो । यो परिक्रमाको यात्रा कहिलेकांही केही सन्त महन्थहरुले मात्र गर्ने गर्छन र यो यात्रा चार महिनाको हुन्छ । मंसिरदेखि आरम्भ गरेर बृहत्त परिक्रमा फागुनमै समापन गर्ने चलन छ । 'जनकपुर मीमांसा'मा भने अनुसार जनकपुरधामदेखि पूर्व कोशीकी (नदीको पछिमीघाट सप्तरी जिलाको हनुमाननगर स्थित बग्ने कोशी नदिबाट शुरु हुन्छ । हनुमान नगरमा ईशापूर्व चौथो शताब्दिको हनुमान मन्दिर छ त्यो दर्शन पुजनपछि यात्रा आरम्भ गरीन्छ । कोशी किनार हुंदै यात्रीहरु सीमापारी कोशी र गंगाको संगम स्थलमा पुगेर स्नान विश्राम गरेर गंगाको तटैतट परिक्रमा पश्चिमतर्फ गंगा तथा गण्डकको संगमस्थल हरिहरक्षेत्रमा यात्रीहरु पुगिन्छ । संगमस्थलमा स्नान पुजा र विश्रामपछि पश्चिम् बगहा छेउ हुँदै यात्रीहरु भैंसालोटन वाल्मीकि आश्रम हुँदै देवघाट पुगिन्छ । त्यसपछि उत्तरदिशा तर्फ हिमालयको तलको फाँट भएर पुनःसप्तकोशीमा स्नान पुजन गरेर वृहत परिक्रमा समापन गरिन्छ । यो गंगा देखि हिमालयसम्मको चौरासी कोस चौडाई र कोसिदेखि गण्डकसम्म चौरानब्बे कोस लम्बाईक्षेत्रको मिथिला राज्यको ठूलो परिक्रमा यात्रा रहेको छ । यस मार्गमा अधिकांश महादेव मन्दिरको दर्शन पुजननै हुने गरेको छ । १५ दिने मिथिला मध्यमा परिक्रमाको दूरी कूल १३३ किलो मीटरको पुरा गर्नु पर्छ । भने अन्तरगृह परिक्रमाको यात्रा ७ किलो मीटरजति छ ।

### परिक्रमाको शुरूआत

मिथिला मध्यमा परिक्रमाको शुरुआत कहिले भएको हो भन्ने यकिनसाथ भन्न सकिदैन । किनकि नेपा-मिथिला तराईक्षेत्रको खास अन्वेष्ण हालसम्म हुन सकेको छैन् । तथापि जनश्रृति र केही दिेशी विद्वानहरुले कोरेका शब्दचित्रका आधारमा समय यकिन गरिएको छ । मिथिला परिक्रमाको थालनी त्रेतायुगमै भएको जनश्रुतिहरुबाट बुझिन्छ । तर, प्रमाणिक आधार भने पाइदैन् । तथापि चारसयवर्ष अघिसम्मको जीवन्त इतिहास फेला पर्दछन् । जीवन्त इतिहासहरुमा मिथिला पञ्चकोसी परिक्रमाको शुरुवात विक्रम सम्बत् १८१० बाट भएको हो भन्ने प्रमाणिक बुझाईछ । विश्वविख्यात समाजशास्त्री ब्रह्मलीन इचर्डवर्ग हार्डले सन् १९७८मा लेखेको पुस्तक 'हिस्ट्री अफ जनकपुरधाम' मा मिथिला परिक्रमा १७०५ ईस्वीबाट आरम्भ भएको हो, भनेका छन् । ईस्वीसम्वत् पाँचौं शताब्दिको गुप्तकालमा लेखिएको 'बिष्णु पुराण'मा मिथिला परिक्रमाको महत्व आदिबारे विस्तृत चर्चा गरिएको छ । त्यसले यो पुस्टी हुन्छ मिथिला परिक्रमा यात्रा दुइहजार वर्ष पहिलादेखि नै गर्ने परम्परा शुरु भएको हो । पुस्तकहरुमा परिक्रमाको चर्चा गरिएपनि बृहत् मिथिला परिक्रमा, मध्यमिथिला पञ्चकोसी परिक्रमा र अर्न्तगृह मिथिला परिक्रमा भनेर छुट्याइएको छैन् । तर, वर्तमान समयमा तीन प्रकारको परिक्रमा गर्ने चलन यथावत् छ ।

### बृहत् परिक्रमा

प्राचीन मिथिलाराज्य वर्तमानमा नेपाल र मित्रदेश भारतबीच विभक्त छ । यसक ेक्षेत्रफल र सीमाको सम्बन्धमा बृहत् बिष्णु पुराणमा निम्नांकित रुपमा वर्णन गरिएको छ ।

कौशिकीतु समारभ्य गण्डकी मधिगम्यवै !
योजना चतुर्विशदयामः परिकीर्तितः ‼
गङ्गा प्रवाह मारभ्य यावत् हैमवत् वनम् !
विस्तार : षोडशः प्रोक्तो देवश्य कुलनन्दन ‼

उल्लेखित श्लोकको आधारमा प्राचीन मिथिलाको सीमा(क्षेत्र पूर्वमा कोशी नदीदेखि पश्चिममा गण्डकी नदीसम्म (२४ योजन (१९२ मील) लामो तथा उत्तरमा हिमालय पर्वतको जङ्गलदेखि दक्षिणमा विशाल गङ्गानदीको तटसम्म १६ योजन (१२८ मील) चौडाई क्षेत्रफल रहेका छ । कूल २४ हजार ५ सय ७६ वर्ग मील क्षेत्रफल रहेता पनि वर्तमान मिथिला दुई राष्ट्रवीचको विभक्तीले तथा नदीहरु सदैव आफ्नो मार्ग आफै परिवर्तन गर्दै जाँदाको कारण क्षेत्रफल कम हुन गएको अनुमान गर्न सकिन्छ । प्राचीन सोही सीमाक्षेत्रलाई आधार मानेर बृहत् मिथिला परिक्रमा यात्रा गर्ने परम्परा अझै कायम छ । जन्म जन्मान्तरको पाप मोचनकालागि मिथिलापुरीको परिक्रमा गर्दा मोक्ष सहज रुपमा प्राप्त हुन्छ र अनेक कष्ट निवारण हुन्छ भन्ने विश्वास छ । मानवले कामना गरेका हरेक कार्य पुरा हुन्छनभन्ने जनविश्वास रही आएको छ । परिक्रमाको गौरव गरिमा यसको सही व्यवस्थापन र आकर्षणमा पनि केन्द्रीत छ । यसतर्फ सम्बन्धित सबैको ध्यान जानुपर्ने र दृष्टि पुर्याउन आवश्यक छ ।

## ध्वनि प्रदुषणले ग्रसित

अष्ठजाम, पुजा, हनुमान आराधना, विवाह, ब्रतबन्ध जस्ता कार्यहरुले आगोमा घ्यू थपिरहेका हुन्छन् । त्यसमा पनि कुनै चाँड पर्व आयो भने खुलेयाम अस्लिल गीतहरु बजाउँदै नगर परिक्रमा गराउने परम्परा नै बसी सकेको छ । सानासाना विद्यार्थीहरु देखि लिएर युवायुवतीहरु पनि यस्ता कार्यगर्न पछि पर्दैनन् ।
दशैंको बखत त झनै ठाउँ ठाउँमा पण्डाल बनाएर मुर्तिहरु बनाइएका हुन्छन् । त्यसमा पनि पुजाको नाममा ठूलठूला लाउड स्पिकर लगाएर गीत भजन, बजाउने काम हुन्छ । घर छेउछाउमा कसैको विवाह भयो भने त्यस क्षेत्रका नागरिकहरु रातभरि सुत्न पाउँदैनन् । रातभरि लाउड स्पिकरको आवाज, त्यसमा पनि जन्ती आउने वा जाने बेला डिजे, तेश्रो लिंगीको नाच जस्ता कार्यहरुले त झनै यहाँका नागरिकहरुको दैनिक जीवनमा कोलाहल मच्चाउने कार्य गरिरहेको छ ।
अहिले भारतको विहारी कलाकारहरुले निर्माण गरेको अश्लिल भोजपुरी गीतहरु ठूलो स्वरमा वीरगंज नगरको अधिकाँश भागमा गुन्जि रहेका छन् । त्यसमा पनि कुनै पुजा, आजा जस्तै हनुमान आराधना, शिवचर्चा, अष्ठजाम लगायतका कार्यहरुमा कार्यक्रम स्थलदेखि चारै दिशातर्फको ठूलठूला घरहरुको छतमाथि ठूलठूला स्पीकार लगाई भगवानको नाममा अस्लिल गीतहरुको धुनमा बनाईएका गीतहरु बजाउनुको साथसाथै भगवानको नाममा हो हल्ला गरि ध्वनी प्रदूषण गरि रहेका हुन्छन् । हिन्दु रितिरिवाज अनुसार भाखल पुरा भएपछि गरिने अष्ठजाममा ठूलो डिजे स्पीकर लगाई गीत बजाई रहेका हुन्छन् । अष्ठजाम पनि विभिन्न किसिमका हुन्छन्, कुनै २४ घण्टा, कुनै ८ दिन तथा अन्य कुनै पुजा आजा एक महिनासम्मको हुन्छन् ।
अष्ठजाम गर्दा एक मिनेटको लागि भएपनि भगवानको नाम जप गर्न रोक्नु हुदैन तर ठूलठूला स्पीकर लगाएर रात, दिन भगवानको जप गर्नु कतिको उचित छ ?
आफ्नो अधिकारको खोजी गर्दा अन्यको अधिकारको हनन् गर्नु हुँदैन लोकतान्त्रिक मान्यता हो । तर यहाँका स्थानीयहरु पनि आफ्नो अधिकार प्रयोग गर्दा अरुलाई केही असर परोस् मतलब छैन । यस्ता कार्य नगरभित्र मात्रै छैनन्, सरकारी कार्यालय अथवा प्रहरी चौकी अगाडि नै हुने गर्दछ । वीरगंज महानगरपालिका १० रानीघाट मन्दिर प्राङ्गणमै अस्थायी प्रहरी चौकी छ र त्यहीं मन्दिरमै सधैं अष्ठजाम, पुजा, शिवचर्चा लगायतका कार्यहरु हुने गरेका छन् त्यो पनि ठूलो स्पीकर छतको माथि राखेर । तर त्यहाँका प्रहरी भने टुलु टुलु परेर हेर्ने बाहेक अन्य केही गर्न सकेको छैन ।
कहिलेकाँही प्रहरीले गएर सानो स्वरमा बजाउन भनेपनि त्यसलाई पालना गर्दैनन् । झनै उल्टै प्रहरीलाई हप्काएर पठाउँछ । यसबाट सडकमा हिँड्ने सर्वसाधारण बाहेक विद्यार्थी, विरामीहरुलाई पनि असर गरि रहेको हुन्छ । खास गरेर मानसिक यातनादेखि, गर्भवती महिला, मुटु रोगी लगायत रातको समयमा अध्ययन गर्न बसेका विद्यार्थीहरुलाई पढाईबाट ध्यान विकेन्द्रित गर्ने गरेको छ । ध्वनी प्रदूषणले विरामी, बालबालिका, वृद्धवृद्धा मात्रै नभई स्वस्थ्य मान्छेलाई पनि मानसिक यातना दिने गरेको चिकित्सकहरुको सुझाव छ । कसैको धर्म सँस्कृत्तिलाई रोक्नु पनि उचित छैन, तर त्यसको नाममा कसैको स्वास्थ्यलाई असर पार्ने काम गर्नु पक्कै होइन । तर यस तर्फ कसको ध्यान पुगोस् ।
अत्यधिक ध्वनि प्रदुषणले रिंगटा लाग्ने, चिडचिडाहट् हुने, कान कराउने, कानमा समस्या हुने, श्रवण क्षमता गुम्दै जाने, एकाग्रता नहुने जस्ता समस्या हुनसक्छन् । प्रेसर हर्न मानिसले सुन्नसक्ने क्षमता भन्दा बढि डेसिवलमा आउने भएकोले असर गर्ने गरेको नारायणी अस्पतालका चिकित्सक डा. दिपक चौरसियाको भनाई छ । हाम्रो कानले २५ देखि ८० डेसिवलसम्म सजिलोसँग सुन्न सक्छ, तर प्रेसर हर्नले १२० देखि १५० डेसिवलसम्म आवाज दिन्छ । मुटुका रोगीहरुलाई प्रेसर हर्नले झनै असर गर्छ । यसबाट मुटुको धड्कन बढ्ने र रक्तकोषहरुमा असर गर्ने, चिड्चिडापन उत्पन्न हुनेजस्ता समस्या देखिनुकासाथै मुटु वा रक्त प्रवाहमा पनि नकारात्मक असर गर्ने उनको भनाई छ ।
हर्न आतंकलाई रोक्न ट्राफिक प्रहरीले पनि प्रयासै नगरेको पनि होइन । नगरको विभिन्न स्थान तथा सडकहरुमा सूचना बोर्डहरु टाँगिएको छ तर, कसैले त्यसको पालना गरेका छैनन् । वीरगन्ज महानगरलाई हर्न निषेधित क्षेत्र घोषणा गरिएको ५ वर्ष वित्यो तर त्यो घोषणामा मात्रै सीमित छ । कोही कसैले यसको पालना गरेका छैनन् । वीरगंज महानगरपालिकामा हर्न निषेध गरिएपनि कसैले पालना नगरेको पाइएको ट्राफिक प्रहरीको भनाई छ । केही बेर सवारीसाधन रोक्नुपर्ने भए 'ट्वाँ ट्वाँ, प्वाँ प्वाँ' हर्न बजाउन थालि हाल्छन् । कसलाई कति सम्झाउने, सामुन्ने हर्न निषेध भनेर बोर्ड झुण्ड्याइएको छ, ट्राफिक प्रहरी त्यहीं छ, तर कसैले मान्दैनन् । ठूलो स्वरमा हर्न बजाउँदै हुईकिन्छन्, त्यसलाई रोक्न पनि सकिदैन । लखेटेर रोक्ने कुरै भएन ।
हर्न निषेधित क्षेत्र महानगरलाई हर्नको कोलाहलबाट न्यूनीकरण गर्न वीरगंज महानगरपालिका, जिल्ला प्रहरी कार्यालय पर्सा एवं ट्राफिक प्रहरी कार्यालय पर्सा तदारुकता देखाएको छ । महानगरका प्रमुख राजेशमान सिंह, प्रहरी उपरीक्षक कोमल शाह, ट्राफिक प्रहरी निरीक्षक ध्रुव दहाल सहित स्थानीय बुद्धिजिवीहरुको बैठकबाट आएको सल्लाह अनुसार एक हप्ताको लागि जथाभावी हर्न बजाउने कार्यलाई रोक्नका लागि जनचेतना फैलाउने कार्य शुरु गरिएको ट्राफिक प्रहरी निरीक्षक ध्रुव दहालले जानकारी दिए । उनका अनुसार एक हप्ताको लागि पर्चा, पम्प्लेट लगायतका जनचेतना फैलाउने कार्यहरु गर्ने, त्यस पश्चात विस्तारै कारवाहीको कार्य अगाडि बढाउने सल्लाह अनुसार ट्राफिक प्रहरी लागि परेको जानकारी दिए ।
पहिलाको तुलनामा हर्न बजाउने कार्य केही कम भएको छ, तर अहिले पनि हर्नको कोलाहल छदैछ, एक हप्ता जनचेतना जगाउने कार्यक्रमबाट कतिको सुधार आउँछ, त्यस अनुसार विस्तारै कडाई गर्दै जाने योजना रहेको ट्राफिक प्रहरी निरीक्षक दहालको भनाई छ ।
छिमेकी मुलुक भारत विहारका व्यक्तिहरु सधैं वीरगन्ज पस्ने गरेको र पूर्वाधार नभएको कारण यसको कार्यान्वयन हुन नसकेको टाफिक प्रहरीको बुझाई छ । भारतको रक्सौलमा ठूलो स्वरमा हर्न बजाउने परम्परा नै छ, ति व्यक्तिहरु काम विशेषले वीरगन्ज आउँदा हर्न बजाको बजाई रहन्छन्, एक जनालाई सम्झायौं भोलि पुनः अर्को व्यक्ति आउने गरेको कारण पनि यो समस्याले जडा गाडेको छ ट्राफिकको कथन छ । एक ट्राफिक भन्छन् 'एकछिन जाम लागेपछि ५ मिनेट सहनसक्ने क्षमता पनि हुनुपर्यो । जाम लाग्ने वित्तिकै हर्न बजाउँदैमा जाम छुट्दैन, त्यसमा ट्राफिक प्रहरी लागि परेकै हुन्छ, तर पनि त्यो नदेखेजस्तो गरि जबरजस्ती हर्न बजाईको बजाई रहन्छन् ।'अर्कोतर्फ वीरगन्ज महानगरपालिकासँग पूर्वाधार नभएको कारण पनि हर्नको कोलाहलको समस्याले जडा गाडेको देखिन्छ । दिनहुँ मुख्य सकडमा जाम हुन्छ, सानो सवारी साधनदेखि स्कुलका बस मुख्य सडकमा छिरेपछि साँगुरो सडक भएको कारण जाम लाग्छ र जाममा फसेका सर्वसाधारणहरु ट्वाँ ट्वाँ हर्न बजाको बजाई रहन्छन् जसले गर्दा पैदल हिँड्नेहरुलाई पनि ध्वनी प्रदूषणले समस्या पारि रहेको हुन्छ । ट्राफिक प्रहरीसँग जनशक्तिको कमि पनि भएकोले यसलाई नियन्त्रण गर्न नसकिएको जवाफ पाइन्छ ।
यता वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहका स्वकीय सचिव सत्यराज घिमिरेले अघिल्लो सरकारले महानगरलाई हर्न निषेधित क्षेत्र घोषणा गरेको भएपनि पूर्वाधार नभएको कारण कार्यान्वयन हुन नसकेको बताए । यो लामो समयदेखि बसेको परिपाटी हो, त्यसलाई अन्त्य गर्नको लागि केही समय लाग्छ, त्यसमा पनि पूर्वाधार पुरा गरेर अघि बढे मात्रै यो कार्यान्वयन हुनसक्ने बताए ।
हर्न निषेधको लागि कुनै विशेष अभियान चलाउन पाएको छैन, अघिल्लो सरकारले हर्न निषेध तथा कालो प्लाष्टिक निषेध गरेको छ, त्यो कार्यान्वयन हुन सकेको छैन । हामीले पूर्वाधार बनाएर दीर्घकालीन योजना सहित यसलाई न्यूनीकरण गर्ने उनको भनाई छ ।
निर्णय मात्र गरेर हुँदैन । सडक साँघुरा भएको कारण पनि यो समस्या छ, हालसम्म फुटपाथ क्लियर गर्न बाँकी नै छ । मान्छे हटाउनलाई हर्न बजाउनुपर्ने बाध्यता छ । हर्न निषेध गर्नको लागि महानगरले धेरै काम गर्न बाँकी नै छ भन्दै घिमिरले सदरमुकाम आउने गाउँ गाउँका नागरिक पनि हुन, त्यैले सम्पूर्ण पालिकाको सम्बन्धित व्यक्ति सहीतको उपस्थितिमा छलफल गरी दीर्घकालीन योजना बनाएर हर्न निषेध गरिने उनको भनाई छ ।

## दिलीपको बलिदान

वालुवा प्रशोधन उधोग संचालन भैरहनु, खोम्निने ठाँउमा मनपरि गरिनु, राजश्वको दाखिला सही तरिकाले नगरिनु, अनुगमन निष्क्रिय, प्रतिनिधिहरुकै संलग्नतामा क्रसर उधोग संचालनमा रहनु रहेका छन् । नदीजन्य पदार्थबाट लाभ लिन स्थानिय सरकार हरूबीच अस्वस्थ्य होड़ रहेका छन्। खोलाबाट बालुवा, गिट्टी उत्खनन् लुकिछिपी गरिने काम होईन, तर दिन होस कि रात निरन्तर भईरहेको छ।अनुगमन गर्ने निकाय सक्रिय रहेको भए दिलीप अगाडी आउनु पर्दैन्थ्यो । यस अर्थमा त्यहाँको स्थानिय सरकार त्यतिकै दोषी देखिन्छ । तर यो अपराध अहिले तराई र चुरे क्षेत्रमा जताततै हुदैछ
सत्ता र संगठित शक्तिले जब जन अपेक्षा वा जन आवाजप्रति सुनवाई गर्दैन त्यतिखेर कोही न कोही दिलीपले प्रतिरोधको आवाज दिन्छ । खासगरी जनप्रतिनिधिहरूले उपेक्षा, अलमल वा बलमिच्याई गर्न थाल्दा भूईतहमा साना ठूला संघर्ष हुनथाल्छन । यहीनिर नोटिसमा लिने कुरा हो दिलीपको संघर्ष अहिंसक थियो। अचेल हाम्रो जीवनमा हिंसा बाक्लिदै गएको छ। यस्तोमा दिलीपको आहुतिले भूईतहमा प्रतिरोधको बदलिदो शैली र पात्रहरूको पहिचान गराएको छ । सत्ता र शक्तिले आफ्ना जिम्मेदारीको तमाम मर्यादा भंग गर्न लाग्दा अब अनाम नागरिकहरु नै प्रतिरोधको आवाज दिन थाल्छ । दिलीपको आवाज त्यसैको एक रूप हो ।
निर्वाचित सत्ताको जड़तालाई धक्का दिन अब यस्तै दिलीपहरूले लोकतान्त्रिक हस्तक्षेप गर्दै रहे नेपाली जनतन्त्र उतरायणको बाटो समाउने आश गर्न सकिन्छ । दिलीपले न्याय पाउनकालागि हत्याराहरूलाई कारबाहीकालागि दवाव दिएर मात्र हुदैन। बहुतहको सरकारका लापरवाही, अनियमितता र अतिक्रमण जसले जहाँ देख्छ त्यही हल्ला बोले अनि पो समवेत स्वरले सत्ता हच्किन्छन् । एक्लो दिलीपहरुलाई मार्न, दबाउन र तर्साउन सकिन्छ तर सामूहिक प्रतिरोधलाई थिच्न जो सुकै सत्तालाई गाह्रो छ ।

# वीरगंजमा गोल्डकप फुटबल प्रतियोगीताको आयोजना हुने

मधेशदृष्टि
वीरगंज, २० फागुन ।
वीरगन्ज महानगरपालिका वडा नम्बर २१ परवानीपुरमा यहि फागुन २७ गते देखि दोश्रो परवानीपुर गोल्डकप फुटबल प्रतियोगीता आयोजना हुने भएको छ ।
शनिवार आयोजक परवानीपुर युथ क्लबले पत्रकार सम्मेलन गरेर प्रतियोगीताका बारेमा जानकारी गराएको हो । परवानीपुरकै खेल मैदानमा एक साता सम्म चल्ने प्रतियोगितामा मधेस प्रदेशका ६ र बागमती प्रदेशका २ गरि कूल ८ वटा टिमले भाग लिने आयोजक क्लबका अध्यक्ष अलिअख्तर आलमले जानकारी दिए । प्रतियोगितामा आयोजक परवानीपुर युथ क्लब, नवजनजागृति युवा क्लब सिमरा , वीरगन्ज युनाईटेड क्लब ,जनकपुर स्पोर्ट क्लब धनुषा ,बेल्खाडी युवा क्लब महोतरी , हेटौडा फुटबल एकेडमी मकवानपुर, बिएफसी क्लब भरतपुर चितवन सहभागी हुने अध्यक्ष आलमले बताए ।
प्रतियोगीताको विजेता टिमले नगद एक लाख ५० हजार र उपविजेता टिमले नगद ७५ हजार सहित शिल्ड र प्रमाणपत्र




पाउने छन् । प्रतियोगीताको मुख्य प्रायोजक कृष्णा फाउन्डेशन बैंगलोर रहेको आलमले जानकारी गराए । वीरगन्ज महानगरपालिका र परवानीपुर गाँउपालिकाले पनि प्रतियोगीतामा बिशेष सहयोग गरेको उनले बताए । शनिवारको पत्रकार सम्मेलनमा आयोजक क्लबका बरिष्ठ उपाध्यक्ष अनिल श्रीवास्तव, उपाध्यक्ष रवि राम ,महासचिव दिपक यादव ,सचिव धुब मन्डल, कोषाध्यक्ष सुरेश यादव ,सदस्यहरु सफिक आलम ,रेहान आलम( काले) ,सुनिल मंडल, ईमरान आलम लगायतको पनि सहभागीता थियो ।

# बख्मुत सहरबाट रुस "पछि हटेको" युक्रेनी दाबी

जनकपुरधाम,२० फागुन ।
पूर्वी डोनेट्स्क क्षेत्रमा पछिल्लो चौबीस घण्टामा गरिएका कैयौँ हमलालाई विफल पारिएको युक्रेनी सेनाले जनाएको छ। रुसी सेनाले चाहिँ रुस र युक्रेनबीच धेरै महिनादेखि लडाइँको केन्द्र रहेको बख्मुतलाई कब्जा गर्न लागिएको दाबी गरेको छ । रुसको भाडाका सैनिक वाग्नरका प्रमुखले उक्त सहरलाई सीमित मार्गबाट मात्र बाहिर निस्कन मिल्नेगरी "व्यावहारिक रूपमा घेरिएको" दाबी गरेका छन्। यसैबीच किएभमा अस्त्र भण्डार सकिँदै गएका बेला अमेरिकाले त्यसलाई पूर्ति गर्न थप ४० करोड डलर बराबरको सैन्य सहायताको घोषणा गरेको छ । बख्मुतको अवस्था
युक्रेनको स्थल सेनाका कमान्डर जेनेरल ओलेक्सान्डर सिर्स्कीले अग्रमोर्चालाई कसरी मजबुत पार्ने भन्नेबारे विचार गर्नका लागि स्थानीय कमान्डरहरूसँग कुराकानी गर्न शुक्रवार बाख्मुतको भ्रमण गरेका थिए। रुसी सेनाले ६ महिनाभन्दा लामो समयदेखि उक्त सहर कब्जा गर्ने प्रयास गरिरहेको छ। युक्रेनका राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीले यसैसाता पूर्वी क्षेत्रको अग्रमोर्चामा स्थिति "झन् कठिन" हुँदै गइरहेको चेतावी दिएका थिए। अहिलेका लागि युक्रेनको मुख्य चिन्ताको विषय भनेको उसको निरन्तर घट्दो अस्त्र भण्डार हो। अहिले युक्रेन र रुसबीच उच्च-तीव्रताका साथ युद्ध भइरहेको छ र त्यो सुस्त हुने कुनै सङ्केत देखिएको छैन।
अमेरिकी सैन्य सहायता
अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्कनले युक्रेनलाई दिइने पछिल्लो सैन्य सहायता प्याकेजमा हाइमार्स रकेटहरू समावेश भएको बताएका छन्। ती अस्त्रहरूलाई युक्रेनले प्रभावकारी रूपमा प्रयोग गरिरहेको उनको भनाइ छ। राष्ट्रपति जेलेन्स्कीले पहिले



"रुसलाई रोक्न"का लागि अस्त्रहरू आवश्यक परेको बताएका थिए। अमेरिकाले युक्रेनमाथि हुनसक्ने अपेक्षित आक्रमणभन्दा पहिले त्यहाँ रणनीतिक पुलहरू पनि पठाउँदैछ। त्यस्ता उपकरणहरूले बख्तरबन्द गाडीहरूलाई नदी र खाडलहरू पार गर्न सहज बनाउने बताइएको छ। युक्रेनी सैन्य अधिकारीहरू र विज्ञहरूले आगामी हप्ताहरूमा ती उपकरणहरू सञ्चालन गर्न सकिने बताएका छन्।
खार्किभमा मानिसहरूलाई बाहिर निस्कन दिइयो
यसैबीच सेप्टेम्बरमा रुसको कब्जाबाट मुक्त गरिएको खार्किभ क्षेत्रको उत्तर-पूर्वी सहर कुपियान्स्कमा बिहीवार आंशिक रूपमा मानिसहरूलाई बाहिर निस्कन दिइएको थियो। क्षेत्रीय अधिकारीहरूले बालबालिका भएका परिवार र "सीमित रूपमा मात्र हिडडुल गर्न सक्ने" मानिसहरूले रुसी सेनाको "निरन्तर"को गोलाबारीबाट बच्न त्यो क्षेत्र छाड्नुपर्ने बताएका छन् ।
अमेरिकी विदेशमन्त्रीले शुक्रवार वक्तव्य जारी गर्दै पछिल्लो सैन्य सहायताका क्रममा हाइमर्स रकेटहरू युक्रेन पठाउने बताएका थिए ।
युक्रेनले अस्त्रको अभाव खेपिरहेको अमेरिकी सञ्चारमाध्यमहरूमा आइरहेका बेला उसले नयाँ सैन्य सहायताको घोषणा गरेको हो। यद्यपि युक्रेनी सेनाले सार्वजनिक रूपमा अस्त्र अभाव भएको बताएको छैन ।
युक्रेनी राष्ट्रपतिले आफूहरूलाई गोलाबारुद तथा लडाकु जहाजहरू आवश्यक परेको बताएका छन्। जर्मन चान्सलर ओलाफ शोल्ट्सको अमेरिका भ्रमणका बेला शुक्रवारको वार्तामा पनि अमेरिकी राष्ट्रपति जो बाइडन र उनीबीच युक्रेनलाई दिइने सैन्य सहायतामा केन्द्रित हुने ठानिएको छ। युक्रेनलाई अस्त्र दिनका लागि पश्चिमी शक्तिहरूले विभिन्न प्रतिबद्धता जनाएका छन् तर त्यस अनुसार अस्त्रहरू चाँडै पठाउन किएभले आग्रह गरिरहेको छ ।
विविसी

# मासिक २ हजार श्रमिक दक्षिण कोरिया पठाउँदै सरकार, कुन कुन क्षेत्रमा धेरै माग

जनकपुरधाम,२० फागुन ।
वैदेशिक रोजगारका लागि आकर्षक गन्तव्य मानिने दक्षिण कोरियामा सन् २०२३ मा नेपालबाट २५ हजारसम्म श्रमिकहरू पठाउन सकिने अवस्था देखिएको अधिकारीहरूले बताएका छन्। फेब्रुअरी महिनाबाट प्रत्येक महिना दुई हजार कामदार कोरिया प्रवेश पाउने गरी नेपालले तालिका प्राप्त गरेको र त्यसै अनुसार तयारी पनि अघि बढाइएको उनीहरूको भनाइ छ। कोरिया सरकारले विदेशी श्रमिकहरूबारे केही नीति परिवर्तन गर्दै सक्दो छिटो श्रमिक पठाउन सक्ने देशलाई प्राथमिकता दिने नीति अवलम्बन गरेसँगै नेपालबाट जाने कामदार हरूको सङ्ख्या बढ्ने अवस्था सृजना भएको हो ।
ज्यानुअरी महिनामा नेपालबाट झन्डै १६ सय देखि १७ सय श्रमिकहरू कोरिया गएको अधिकारीहरू बताउँछन् ।विश्वव्यापी रूपमा फैलिएको कोभिड महामारीका कारण पछिल्लो दुई वर्ष नेपाल सहित विभिन्न देशहरूका श्रमिक सहज रूपमा कोरिया प्रवेश गर्न पाएका थिएनन्। नेपाली श्रमिकका लागि झन्डै पाँच महिना अघि रोजगारीका लागि कोरिया जाने ढोका खुला भएको थियो। त्यसपछि सन् २०२२ मै १५ हजार कामदार कोरिया गएको सरकारी तथ्याङ्क छ। त्यसअघि महामारीका कारण कोरिया प्रवेश गर्न नपाएका अधिकांश श्रमिक हाल कोरिया प्रवेश गरिसकेको वैदेशिक रोजगार विभाग अन्तर्गतको ईपीएस कोरिया शाखाका निर्देशक पुष्पराज कटुवालले जानकारी दिए ।
कोरिया जान कति छन् योग्य?
ईपीएस कोरिया शाखाका अनुसार विगतमा उत्पादनमूलक क्षेत्रमा काम गर्न झन्डै १२ हजार श्रमिक सूचीकृत भएका छन्। त्यस्तै कृषि तथा पशुपालन तर्फ पालो पर्खेर बसेका र पछिल्लो परीक्षा उत्तीर्ण भएर बसेकाहरूको सङ्ख्या झन्डै ३२ सय छ पछिल्लो पटक परीक्षा उत्तीर्ण गरेकाहरूको स्वास्थ्य परीक्षण सम्पन्न गर्न भने बाँकी छ अधिकारीहरूका अनुसार मार्च महिनाको तेस्रो साता कोरिया जान चाहने कामदारका लागि श्रम सम्झौता जारी हुनेछ। त्यसले धेरै नेपाली कामदारहरूका



लागि कोरिया जाने ढोका खुला गरिदिने ठानिएको छ। सन् २००७ मा नेपाल र दक्षिण कोरिया सरकारबीच श्रमका लागि नेपाली कामदार लाने विषयमा सहमति भएको थियो।
कामदारहरू जाने क्रम भने सन् २००८ बाट सुरु भयो ।
पछिल्लो १४ वर्षमा ८५ हजार नपाली कामदार कोरिया पुगेको र हाल त्यहाँ झन्डै ४५ हजार नेपाली श्रमिकहरू कार्यरत रहेको बताइएको छ।आप्रवासनसम्बन्धी मामिला विज्ञ सरू जोशी दक्षिण कोरिया नेपालका लागि तुलनात्मक रूपमा सुरक्षित गन्तव्य रहेको बताउँछिन् ।
नेपालको अर्थतन्त्र 'सुस्ताएको सङ्केतहरू देखिएका बेला' कामदारहरूको सङ्ख्या थप हुनु सकारात्मक रहेको उनको बुझाइ छ। तर अझै पनि वैदेशिक रोजगारसँग सम्बन्धित विषयको जानकारी काठमाण्डूमै सीमित रहेकाले त्यसमा निकै काम गर्नुपर्ने आवश्यकता रहेको उनले औँल्याएकी छन्। ''धेरै सूचना काठमाण्डूमै सीमित छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले रोजगारी खोजी गर्ने र डेटाबेस बनाउने काम पालिकाहरूको क्षेत्राधिकारमा पारेको छ। पालिकाहरूले कुन क्षेत्रमा कामदार माग भएको छ भन्ने कुराको जानकारी गराउनेदेखि आवश्यक पर्ने कुराबारे थाहा दिँदा अझ प्रभावकारी हुन सक्छ,'' उनले भनिन्। कोरियामा काम गरेर फर्किएकाहरूको समूह गठन गरिदिन सके इच्छुकहरूले आवश्यक जानकारी पनि प्राप्त गर्न सक्ने र अवसरका साथै जोखिमबारे पनि अवगत हुने हुँदा त्यसमा ध्यान बढाउन आवश्यक रहेको उनको भनाइ छ।
कुन कुन क्षेत्रमा काम पाइन्छ?
दक्षिण कोरियाले नेपालबाट कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रमा श्रमिकहरू लाने गरेको छ। सन् २०२२ सम्म कोरियाले निश्चित देशबाट निश्चित सङ्ख्यामा श्रमिक लाने गरी कोटा तोक्ने गरेको थियो। तर सन् २०२३ बाट आन्तरिक बजारमा श्रमिकहरूको माग अनुसार उपलब्ध गराउन ईपीएसमा सूचीकृत १६ देशका लागि एक लाख १० हजार कोटा तोकेको छ। ''जुन देशमा परीक्षा राम्रोसँग सञ्चालन हुन्छ, सहकार्य राम्रो हुन्छ र जुन देशले कामदार छिटो पठाउन सक्छ उसले अवसर छोप्ने हो। नेपालले २० देखि २५ हजार पठाउने मौका पाउँछ की भन्ने अनुमान छ,'' कटुवालले भने। सेवा र निर्माण क्षेत्रमा पनि विभिन्न १६ देशबाट कोरियाले कामदार लाने भए पनि नेपालबाट भने कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रमा मात्रै जनशक्तिको माग गर्ने गरेको अधिकारीहरू बताउँछन्। तर जोशी नेपालले आफूले कामदार पठाउने क्षेत्रहरूलाई विस्तार गर्न पहल गर्नुपर्ने बताउँछिन् ।
''विविधीकरण गर्न जरुरी छ। 'लक्षित हस्तक्षेप' गर्नुपर्छ भन्ने कुरा होला, तर बजार चलायमान छ। बजारको मागका आधारमा काम गर्नुपर्छ,'' उनले भनिन्।
भाषा परीक्षाको अवस्था के छ?
नेपाल र कोरियाबीच श्रम सम्झौता अनुसार वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया जान भाषा तथा सीप परीक्षा (ईपीएस परीक्षा) अनिवार्य उत्तीर्ण भएको हुनुपर्ने व्यवस्था छ। कोरियाको माग धान्न हाल भाषा परीक्षा पनि चरणबद्ध रूपमा लिने गरिएको अधिकारीहरू बताउँछन्। विगतको 'पेपर बेस्ड' परीक्षा हाल प्रविधिको प्रयोग गरेर ट्याब्लेट मार्फत लिने गरी प्रबन्ध मिलाइएको छ। त्यसरी एक पटकमा दुई सय जनाको परीक्षा लिन सकिने र एक दिनमा चार वटासम्म सिफ्ट सञ्चालन गर्ने गरिएको कटुवाल बताउँछन्। ''परीक्षा अगावै सबै परीक्षार्थीको बायोमेट्रिक परीक्षण गर्ने गरिएको छ। प्रविधिको प्रयोग गरी परीक्षा सञ्चालन गर्दा धेरै आवेदक हुँदा समेत समयमै नतिजा निकाल्न सकिएको छ,'' उनले भने, ''चरणबद्ध रूपमा काम गर्न पनि सहज भएको छ'' ईपीएस कोरिया शाखाका अनुसार हालको माग सम्बोधन गर्ने गरी सन् २०२२ मै परीक्षा सञ्चालन भइसकेको छ। उक्त परीक्षा उत्तीर्ण भएर कृषि तथा पशुपालन तर्फ तीन हजार र उत्पादनमूलक क्षेत्रतर्फ १६ हजार मानिस सूचीकृत छन् ।
ती मध्ये कृषि तथा पशुपालन तर्फ झन्डै ६० प्रतिशत कामदार कोरिया प्रवेश गरिसकेको बताइएको छ। उत्पादन तर्फ पहिलो चरणमा उत्तीर्ण भएकाहरू मध्ये झन्डै आधा सङ्ख्या कोरिया प्रवेश गरिसकेको र बाँकी रहेकाहरूको श्रम स्वीकृत जारी हुने क्रममा रहेको बताइएको छ।
पारिश्रमिक कति हुन्छ?
ईपीएस कामदारहरूको श्रम सम्झौता हेर्दा उनीहरूको मासिक पारिश्रमिक न्यूनतम दुई लाख हाराहारीमा रहेको अधिकारीहरू बताउँछन्। तर त्यो कम्पनी अनुसार फरक हुन्छ। त्यस बाहेक कतिपय कामदारले अतिरिक्त सुविधाहरू पनि पाउने गरेको बताइन्छ। 'हामीले ईपीएस कामदारहरूसँग बुझ्दा कम्पनी अनुसार तीन लाखसम्म पारिश्रमिक रहेको पाएका छौँ,'' उनले भने। अधिकांश कामदार आय आर्जनकै लागि कोरिया जाने हुँदा १५ देखि २५ प्रतिशत रकम त्यहाँ खर्च गरेर बाँकी बचत गर्न सम्भव भएको अधिकारीहरू बताउँछन् । विविसी

# इन्डोनेसियाको इन्धन डिपो विस्फोटमा मृत्यु हुनेको संख्या १७ पुग्यो

जकार्ता, २० फागुन
जकार्ताको उत्तरी भागमा शुक्रबार राति भएको इन्धन भण्डारण विस्फोटमा परी मृत्यु हुनेको संख्या १७ पुगेको छ ।जकार्ता डिजास्टर मिटिगेसन एजेन्सी (बीपीबीडी) का कार्यवाहक प्रमुख मुहम्मद रिदवानले घटनामा घाइते हुनेको संख्या ५१ पुगेको र तिनीहरूको हाल राजधानीका विभिन्न अस्पतालमा उपचार भइरहेको जानकारी दिएका छन् । उत्तरी जकार्ताको प्लुम्पाङस्तित सरकारी तेल कम्पनी पर्टामिनाको इन्धन भण्डारण स्टेशनमा शुक्रबार राति करिब ८:०० बजे विस्फोट भएको थियो । सो विस्फोटनबाट स्टेसन नजिकैका बासिन्दा आगो फैलिने त्रासले घर छाडेर भागेका थिए । उक्त आगो निभाउन ५० भन्दाबढी दमकल र २६० भन्दाबढी अग्निनियन्त्रक खटाइएको थियो । करिब छ घण्टा लामो प्रयासपछि आगो निभाउन सफल भएको बताइएको छ ।
विस्फोटले यस क्षेत्रका १,००० भन्दाबढी बासिन्दालाई प्रत्यक्ष असर गरेको थियो । प्रभावितलाई



अहिले नजिकैको अस्थायी आश्रयस्तलमा सारिएको छ । उक्त घटनामा आठ जना बेपत्ता भएको बताइएको छ । घटनामा अन्य सम्भावित पीडितको खोजी गर्न उद्धारकर्ता अझै पनि घटनास्थलमा परिचालित छन् ।रासस

# अमेरिकी विदेशमन्त्री ब्लिन्केन र रुसी विदेशमन्त्री लाभरोभबीच भेट

नयाँ दिल्ली, २० फागुन
अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र रुसी विदेशमन्त्री सर्गेई लाभरोभ बीच करिब एक वर्षको अन्तरालमा भेटवार्ता भएको छ । रुस-युक्रेन युद्ध सङ्कट बढेपछि रुस र अमेरिका बीच तिक्ततापूर्ण सम्बन्ध रहेकामा बिहीबार दुई देशका विदेशमन्त्री बीच पहिलो पटक आमनेसामने कुराकानी भएको बताइएको छ ।
भारतको अध्यक्षतामा नयाँ दिल्लीमा जारी जी-२० देशका विदेशमन्त्रीहरूको बैठकमा उक्त संक्षिप्त भेटवार्ता भएको हो । करिब १० मिनेटसम्म चलेको वार्तामा सामान्य कुराकानी भएको बताइएको छ । "लाभरोभले जी-२० को दोस्रो सत्रको बीचमा सङ्क्षिप्त भेट गर्नु भएको हो । यद्यपि त्यहाँ कुनै वार्ता वा वास्तविक बैठक भएन," द टाइम्स अफ इन्डियाले एक रूसी अधिकारीलाई उद्धृत गर्दै उल्लेख गरेको छ । अमेरिकी विदेश मन्त्रालयका अनुसार वार्तालापको क्रममा ब्लिन्केनले रुसलाई विशेष सैन्य कारबाही अन्त्य गर्न र अर्थपूर्ण कूटनीतिमा संलग्न हुन, नयाँ



रणनीतिक हतियार कटौती सन्धि कार्यान्वयनमा फर्कन र जेलमा बन्दी रहेका पूर्व अमेरिकी मरीन पल व्हेलनलाई रिहा गर्न आग्रह गरेको छ । तर रुसी पक्षले अमेरिकाको व्यवहार विश्वसनीय नभएको भन्दै अमेरिकी आग्रह स्वीकार्न अफ्ठेरो भएको बताएको तास समाचार एजेन्सीले जनाएको छ। (रासस-सिन्ह्वा)

# होलीमा रेस्लिङ महाभिडन्त

२० फागुन, काठमाडौं । नेपाल महिला रेस्लिङ फाउन्डेसनको आयोजनामा सोमबार अन्तर र्ष्ट्रिय रेस्लिङ महाभिडन्त हुने भएको छ । होलीको पावन अवसरमा हुन लागेको रेस्लिङ भक्तपुरको सल्लाघारीमा हुनेछ । रेस्लिङमा नेपालसहित अमेरिका, पाकिस्तान र भारत गरी ४ राष्ट्रका रेस्लरको भिडन्त हुने आयोजक फाउन्डेसनकी अध्यक्ष भगवती खड्का (युनिका) ले जानकारी गराइन् ।नेपालबाट भगवती खड्का, अस्मिता जुरेली, कुमार थापा (नेपाली ब्रो), हिक्मत थपलिया (स्कोरपियो), कृष्ण मगर (सिन्धुपाल्चोक टाइगर) मिस्टर यति लगायतले प्रतिस्पर्धा गर्ने छन् । भारतबाट अमित दलाल, दिव्या आले र अभिराज सिंह, पाकिस्तानबाट कोभु ब्रान्डम, मोहम्मद बिलाल खान, तलहल अलि खान, अफ्रीदी मुहम्मद उसाम खान र मुस्ताफा अलि खान तथा अमेरिकबाट रिकार्डेज भिल्लानुभा (सादिका) रिङमा उत्रने छन् । विभिन्न ५ स्पर्धामा भिडन्त हुनेछ । २०७१ सालमा स्थापना भएको फाउन्डेसनले पहिलोपटक भक्तपुरमा अन्तर्राष्ट्रिय रेस्लिङ आयोजना गर्न लागेको अध्यक्ष भगवतीले जनाएकी छन् । भरत विसुराल (हिमालयन टाइगर) ले निर्णायकको भूमिका निर्वाह गर्ने छन् ।

# अन्तर्घात गर्ने जसपाका ८० जनालाई कारवाही



मधेशदृष्टि
जनकपुरधाम, २० फागुन । पछिल्लो निर्वाचनमा पार्टीभित्रबाट नै अन्तर्घात भएको भन्दै जनता समाजवादी पार्टी नेपालले त्यसको छानबिन गरी ८० जनालाई कारबाहीका लागि सिफारिस गरेको छ।

पार्टीका कार्यकारिणी सदस्य शिवलाल थापाको संयोजकत्वमा गठित कार्यदलले स्थलगत अध्ययन गरेर त्यसको प्रतिवेदन शनिवार पार्टी अध्यक्ष उपेन्द्र यादवलाई हस्तान्तर गरेका छन् । कार्यदलले १४ वटा जिल्लामा अन्तर्घात बारे छानबिन गरेको थियो। जसमा १५२ जना आरोपी नेतासँग बयान लिनुको साथै अन्य प्रमाण र थप जानकारीका लागि २४७ जनासँग पनि भेटेर कुराकानी गरिएको थियो । कारबाही सिफारिस गरिएका ८० जना नेताले आफ्नै पार्टीका उम्मेदवारलाई हराउनका लागि भूमिका खेलेको प्रतिवेदनमा उल्लेख रहेको स्रोतले जनाएको छ । त्यसमध्ये सबभन्दा बढी जसपाका अध्यक्ष उपेन्द्र यादव क्षेत्रका नेताहरू रहेको बताइएको छ। अध्यक्ष यादव सप्तरी-२ बाट प्रतिनिधि सभा सदस्यमा चुनाव हारेका हुन्। चुनावमा पार्टीकै शीर्ष नेताबाट असहयोग भएको कुरा समीक्षा बैठकमा उठेको थियो । ती नेताहरूसँग पनि कार्यदलले बयान लिएको थियो । स्रोतका अनुसार सप्तरी २ मा मात्र ३८ जनासँग कार्यदलले बयान लिएको छ।

कोशी प्रदेशको पाँचथर, सुनसरी र मोरङ, मधेस प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, बागमती प्रदेशको मकवानपुर, धादिङ, काभ्रे, लुम्बिनी प्रदेशको बर्दिया, कर्णाली प्रदेशको सुर्खेत, सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा गएर कार्यदले छानबिन गरेको थियो।

प्रतिवेदन बुझ्दै जसपा अध्यक्ष यादवले पार्टीको अगामी बैठकमा प्रतिवेदनमाथि छलफल हुने र कार्यदलले सिफारिस गरेको नेता तथा कार्यकर्तालाई कारबाही हुने बताएको कार्यदलका संयोजक शिवलाल थापाले जानकारी दिएका छन् । प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउन अध्यक्ष यादव प्रतिबद्ध रहेको बताउँदै उनले अगामी बैठकबाट सो प्रक्रिया अगाडी बढ्ने विश्वास व्यक्त गरे।

यसअघि २०७४ को चुनावमा पनि पार्टीका कार्यकारिणी सदस्य रणध्वज कान्दङ्वाको संयोजकत्वमा छानबिन गर्न कार्यदल गठन भएको थियो । तर त्यो कार्यदलले बुझाएको प्रतिवेदन कार्यान्वयनमा आएन । अहिलेको प्रतिवेदन कार्यान्वयनमा आउनेमा पनि आशंका उत्पन्न भएको छ । कार्यदलका संयोजक थापाले भने, 'हामीले प्रतिवेदन बुझाइसकेका छौं, हामी चाहन्छौं कि त्यो कार्यान्वयनमा आओस् । पार्टीका अध्यक्ष स्वयंले नै यसपटक त्यसमा चासो लिइरहेकाले कार्यान्वयनमा आउंछ भन्ने विश्वास आफूलाई रहेको छ । २०७४ चुनावमा भएको छानबिनमा कार्यदलले ३९ जना नेतालाई कारबाही गर्ने सिफारिस गरेको थियो।

त्यसमध्ये आठ जनालाई पार्टीबाट निष्कासन र ३१ जनालाई निलम्बनका लागि सिफारिस गरेको थियो । तर त्यो प्रतिवेदन नै कार्यान्वयनमा नआएको तत्कालीन कार्यदलका संयोजक कान्दङ्वाले बताए। तर यसपटक अध्यक्ष यादव आफैले चुनाव हारेका कारण प्रतिवेदन कार्यान्वयनमा आउनेमा सबै विश्वस्त रहेको उनले बताए।

# तेली कल्याण समाजद्धारा होली मिलन



मधेशदृष्टि
वीरगंज, २० फागुन।
हिन्दुहरुको महानपर्व होलीको पावन अवशरमा शनिवार रेडियो वीरगंज परिसरमा तेली कल्याण समाज पर्साले होली मिलन कार्यक्रम सम्पन्न भएको छ।

तेली कल्याण समाज पर्साका अध्यक्ष ध्रुव साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रंगहरुको पर्व होली एक आपसमा खुसी साटासाट गरी भव्य र सभ्य रुपमा मनाउनु पर्ने कुरामा वक्ताहरुले जोड दिएका थिए।

कार्यक्रममा तेली कल्याण समाजका केन्द्रिय अध्यक्ष विश्वनाथ साह, ,वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुबोध गुप्ता, वरिष्ठ उपाध्यक्ष अनील अग्रवाल, माधव राजपाल, तेली कल्याण समाजका राजेश्वर साह तेली, पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा गायक अनिल वर्माको बेजोड प्रस्तुती रहेको थियो भने कार्यक्रमको संचालन विरेन्द्र साहले गरेका थिए ।

# होली मर्यादित बनाउन पर्सा प्रहरीको आग्रह

मधेशदृष्टि
वीरगंज, २० फागुन।
जिल्ला प्रहरी कार्यालय पर्साले होली पर्वलाई सभ्य, शिष्ट, स्वस्थकर र मर्यादित बनाउन आग्रह गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् सूचना अधिकारी दिपक गिरीले शनिवार बिज्ञप्ती निकाल्दै सभ्य एवम् सुरक्षित तरिकाले होली पर्व मनाउन सबैसँग अनुरोध गरेको हो । आत्मीयरूपमा नजिक भएका व्यक्ति वा आफन्तसँग मात्र होली खेल्न, होली पर्वको नाममा उच्छृंखल क्रियाकलाप नगरी अपरिचित मानिसहरुको समूहमा होली नखेल्न बिज्ञप्ती मार्फत भनिएको छ।

कसैको इच्छाविपरीत रङ, लोला मोबिल, मोसो, केमिकल र फोहरपानी प्रयोग नगर्न, छाला तथा आँखामा असर पर्ने केमिकल रंगको प्रयोग नगर्न सूचनामार्फत जानकारी गराईएको छ । कसैले नियम विपरित गई होली खेलेमा कानुनबमोजिम कारबाही वा जरिवाना गर्ने प्रहरीले चेतावनी समेत दिएको छ । यस्तै महँगा गरगहना लगाएर होली नखेल्न, ट्राफिक नियमको पूर्ण पालना गर्न, जाँडरक्सी खाएर गाडी नचलाउन, अशक्त, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा पर्यटकलाई कुनै पनि प्रकारको दुर्व्यवहार नगर्न पनि प्रहरीले भनेको छ।

रेलिङ नभएको छत तथा सडकमा होली नखेल्न, भिडभाड हुने ठाउँमा होली नखेल्न, कुनै पनि आपराधिक गतिविधि हुन लागेको वा भएको थाहा भएमा तत्काल नजिकैको प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालय पर्साको प्रहरी नियन्त्रण कक्षको नम्बर १०० वा ९८५५० ९०१३६ मा खबर गर्न प्रहरीले अनुरोध गरेको छ।

# पानी नपर्दा सर्लाहीका किसान चिन्तित

***जिल्लाको दक्षिणी भेगमा सिंचाई सुविधा रहेकाले खेतबारीमा हरियाली देखिए पनि उत्तरी भेगमा भने खेतीबारीका फाँट बाँझा छन् । पानीको स्रोत र मुहान सुक्न थालेका छन् । इनार, कुवामा पानीको मात्रा घट्दा धमिलो पानी पिउन बाध्य छन् स्थानीय***



घनश्याम बलम्पाकी
सर्लाही,२० फागुन।
यस बर्षको हिउँद महिनामा पानी पर्न नसक्दा सर्लाहीमा सुक्खापन बढ्दै गएको छ।

यस क्षेत्रमा गएको भदौदेखि पानी पर्न सकेको छैन्। देशका विभिन्न ठाउँमा पानी परेको समाचार सुनेका किसान यहाँ भने खडेरी पर्दा निराश बनेका छन्।

सुख्खापनका कारण आगलागी र डढेलोको जोखिम बढेको छ । धुलो, धुँवाको प्रदुषण पनि उत्तिकै छ। पानी नपर्दा यहाँका बस्ती र खेतबारीका फाँट उजाड देखिएका छन् । विशेष गरी आकाशे वर्षाको भरमा रहेको जिल्लाको उत्तरी भेगका बस्ती उजाडिएका छन् । दक्षिणी भेगमा सिँचाई सुविधा रहेकाले खेतबारीमा हरियाली देखिए पनि उत्तरी भेगमा भने खेतीबारीका फाँट बाँझो छन्। पानीको स्रोत र मुहान सुक्न थालेका छन्।

यतिखेर इनार, कुवामा पानीको मात्रा घट्दा धमिलो पानी पिउन बाध्य भएको हरिवन नगरपालिका १ का वडाध्यक्ष टमबहादुर घिसिङले जानकारी दिए। हिउँदे वर्षा भए किसानले बाँझो रहेका खेतबारी खनजोत गर्ने तयारी गरेका छन् । फागुन महिनाको तेस्रो साता भइसक्दा पनि एक झर हिउँदे वर्षा हुन नसक्दा खेतबारी बाझैँ राख्नुपरेको किसानको गुनासो छ।

किसानले पानी परेपछि मकैलगायत अन्य बाली रोप्नका लागि बारीमा मल छर्ने काम धमाधम गरिरहेका छन् । केही दिनदेखि मौसम धाम्मधुम्म भइरहँदा किसानको आँखा आकाशतिरै छ। तर पानी पर्न सकेको छैन्।

यस्तै, स्थानीय प्रशासनले खडेरी बढ्दै जाँदा आगलागीको जोखिम उच्च हुने भएकाले सावधानी अपनाउन आग्रह गरेको छ । जिल्लामा जताततै खरका छानो भएका फुसका घर अत्यधिक रहेकाले यो समयमा ती घरहरुमा आगलागीको उच्च जोखिम हुने भएकाले सावधानी अपनाउन स्थानीय प्रशासनले सचेत गराएको हो।

पानी पर्न नसक्दा यहाँको पूर्व-पश्चिम हुलाकी सडकसहित अन्य कच्ची भित्री सडकमा अत्यधिक मात्रामा धुलो उड्दा जनजीवन प्रभावित बनिरहेको स्थानियवासीले जनाएका छन्।

# बारामा १० करोड भन्दा बढिको चेक बाउन्सको उजुरी

मधेशदृष्टि
वीरगंज, २० फागुन।
जिल्ला प्रहरी कार्यालयमा बारामा ७ महिना यता १० करोड भन्दा बढीको चेक बाउन्सका उजुरी परेको छ। चालू आर्थिक वर्षको माघसम्म चेक बाउन्सको मात्रै २ सय ७९ उजुरीमा १० करोड भन्दा बढी रुपैयाँको चेक बाउन्सको उजुरी परेको हो।

जिल्ला प्रहरीको तथ्यांकमा उल्लेख भए अनुसार १ सय १८ जाहेरी, १ सय १३ ठाडो निवेदन र ४८ वटा दर्ता गरिएका मुद्दा रहेका छन् ।अपराध शाखाका प्रहरी निरीक्षक रुद्रराज कँडेलले प्राय सबै उजुरी मिटर ब्याजीको रहेकोमा केही जग्गा कारोबारी र एकाध सामान्य लेनदेनको रहेको बताए । उनले चेक बाउन्सका उजुरी ह्वात्तै बढेकोले रकमको ठ्याक्कै तथ्यांक निकाल्न नसकिए पनि करिब १० करोड बढी हुन सक्ने जानकारी गराए ।सहकारी संचालक, सहकारीमा पहुँच राख्ने कारोबारी, बैकबाट (ओडी) ओभर ड्राफका रकम झिकेर मिटर ब्याजमा लगाउनेहरुको नै चेक बाउन्सको उजुरी बढिरहेको प्रहरीले जनाएको छ।

मिटर ब्याजीहरुले एक हप्ताको १० प्रतिशत र हाट बजारको दिन एक दिन सापट लिएको लाखको ५० हजार र लामो समयको मासिक ५ देखि १० प्रतिशत ब्याजमा बढी रकमको चेक लिदै रकम ब्याजमा दिने गरेको प्रहरी अनुसन्धानले देखाएको छ ।चेक बाउन्सको उजुरीमा प्राय उनीहरुकै बढी देखिएको र अनुसन्धानबाट चेक बाउन्स गर्ने व्यक्ति वर्षौदेखि मिटर ब्याजी भएको समेत खुल्न आएको छ।

जिल्लाको प्रमुख बजारहरु सिमरा, जितपुर, बजारका धेरै बैंकिङ कसुरको मुद्दा जिल्ल प्रहरी कार्यालय बारामा परेको प्रहरीले बताएको छ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल